# प्रदेश सभा

# गण्डकी प्रदेश

# दशौं अधिवेशन

# (अठ्ठाइसौं बैठक)

# कार्यबाहीको सम्पूर्ण विवरण

# मिति : २०७९।०३।३० गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १ बजेर ५० मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अबको वैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, माननीय विपक्षी दलका नेता तथा गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री श्री पृथ्वीसुव्वा गुरुङले सभालाई सम्बोधन गर्ने विशेष समय माग गर्नु भएकोले सम्बोधन गर्न समय दिन्छु ।

**माननीय पृथ्वीसुब्बा गुरुङ**

माननीय सभामुखज्यू, सम्भवतः हाम्रो यो प्रदेश सभाको पहिलो कार्यकालको अन्तिम सदन पनि हुन सक्छ । यो त्यसकारणले यो सदनमा सत्तापक्ष र प्रतिपक्ष बिचको दोहोरी जुन चलिरहेको छ, यो दोहोरीको नेतृत्व गर्न म यहाँ उभिएको होइन। एउटा संस्थापक मुख्यमन्त्रीको हैसियतले, गण्डकी प्रदेशको सरकार सञ्चालन गर्दा खेरि हामीले भोगिरहेका समस्याहरु र गण्डकीले सिङ्गो नेपाललाई दिनुपर्ने सन्देशका कुराहरुको बारेमा मेरो मनमा उठेका जिज्ञासाहरु, केही सुझावहरु र कसरी हामी अगाडि बढ्न सक्छौं र हाम्रो कामको शैली परिवर्तन भएन भने, हाम्रो दृष्टिकोण परिवर्तन भएन भने, हामी नयाँ व्यवस्थामा ठिक ढंगले काम गर्न सक्दैन भन्ने कुरालाई

पनि यहाँ म अनुरोध गर्न चाहन्छु । हिजो र आज गरेर  सम्भवतः सबै मन्त्रीज्यूहरुले आफ्नो मन्त्रालयगत बजेटको बारेमा उठेका प्रश्नहरुको उत्तर दिने जमर्को गर्नुभयो । धेरै मन्त्रीहरुले आफ्नो उत्तर दिनुभयो । एउटा भनाइ छ, हुन त म लामो बोल्ने मान्छे लामो बोल्ने भनेर चिनिएको मान्छे हुँ होइन  तर म के भन्न चाहन्छु भने, एउटै विषयहरु हामीले धेरै पटक बोल्यौं भने ओन एक्सन वोर्थ देन  थाउजेन वर्ड भन्ने हुन्छ।

हजार वटा शब्द भन्दा एउटा काम बलशाली हुन्छ । त्यसकारण हामीले यहाँ धेरै बोलेर, धेरै वकवक गरेर,  धेरै कुराहरु गरेर वाद प्रतिवाद भन्दा पनि हामीले व्यवहारमा के काम गरेका छौं एउटै कामले त्यसको उत्तर दिइराखेको हुन्छ त्यसकारणले म के भन्न चाहन्छु भने, हामी कुरामा भन्दा पनि ज्यादा काममा विश्वास गर्ने शैलीका साथ हामी गण्डकी प्रदेशमा काम गरिराखेका छौं  त्यसकारणले म के भन्न चाहन्छु भने यो गण्डकी प्रेदशको सरकार सञ्चालन गर्ने कुरा त म मुख्यमन्त्रीज्यूको आफ्नो भित्रको कुरा भइहाल्यो, अधिकारको कुरा भइहाल्यो, तर बजेट निर्माण गर्ने कुरा, बजेट संचालन गर्ने कुरा, त्यो बजेट कार्यान्वयन गर्ने कुरा, बजेट पारित गर्ने कुरामा सबैको सरोकार हुन्छ ।

सरकार कसरी काम गर्छ ? सरकार कसरी अगाडि बढिराखेको छ ? गण्डकी प्रदेशको सरकार, यो सरकार त एउटा आफ्नै अर्गनाइजेसन हो, एउटा स्थायी संस्था हो त्यसकारणले गर्दा त्यसको नेता, नाइके, मुख्यमन्त्री परिवर्तन भइरहन सक्छ, अरु पात्रहरु परिवर्तित भइरहन सक्छ तर त्यो एउटा निरन्तर चलिरहने एउटा प्रकृया हो नि सरकार भनेको, यो संसद पनि हो । आज माननीय नेत्रनाथजी सभामुख हुनुहुन्छ हाम्रो, भोलि उहाँ नहुन सक्छ तर प्रदेश सभा त चलि रहन्छ नि ।

यो प्रदेश सभाको आयु सकिने वित्तिकै यसको कार्यकाल सकिदा त अर्को प्रदेश स्थापित भइहाल्छ नि । व्यक्ति परिवर्तन हुन सक्छ, तर यो संस्था  एउटा अर्गनाइजेसन हो भन्ने कुरा हो भन्ने हामीले बुझ्नुपर्छ। त्यस्तै सरकार पनि त्यही त हो । सरकारहरु मुख्यमन्त्री चेन्ज हुन सक्छ, मन्त्रीहरु चेन्ज हुन सक्छ, सत्ता संचालन गर्ने दलहरु परिवर्तन हुन सक्छन् तर सरकार  त निरन्तर चलिरहने एउटा संस्था

हो  त्यसकारणले त्यसले कतिपय मूल्य र मान्यताहरु, अघिल्लो सरकारले अगाडि सारेका कुराहरु, उसका शैलीगत कुराहरु, उसका उद्देश्य र लक्ष्यका कुराहरु, सगोलमा हेर्दा एउटा प्रदेश सरकारको हैसियतले गरेका कामहरुलाई हामीले चटक्कै छोडेर फेरि एउटा डिस्मिसन गरेर अगाडि जान खोजियो भने त्यो संस्थाले काम गर्न सक्दैन भन्छु म ।

यो व्यवस्था परिवर्तन भएको होइन, यो त सरकार मात्रै परिवर्तन हुन सक्छ । त्यसकारण कतिपय लोकतान्त्रिक मूल्य, मान्यताहरु, संघीय शासन प्रणालीको मूल्य, मान्यताहरु, प्रदेश सरकार संचालन गर्ने मूल्य मान्यताहरु, या जुन विचार, सिद्धान्त र उद्देश्यमा अडिएको हुन्छ, त्यो अगाडि सारिएको हुन्छ, त्यसमा तल माथि गर्नु हुँदैन भन्ने हो । हामी कहिले कहिले के गर्छौं भनेदेखि यो अर्को पार्टीको सरकारले गरेको हुनाले त्यो काममा हामीले गर्नु हुन्न भन्ने छ । त्यस्तो विशिष्ट कुराहरु कतिपय फरक भइहाल्छ, किनभने हाम्रो सिद्धान्त फरक छ काम र विचार फरक छ, हाम्रो नीति कार्यक्रम फरक छ, काम गर्ने तौर तरिका फरक हुन सक्छन्, हरेक मुख्यमन्त्री फेरिने बित्तिकै तर उसको मुख्य कुरा त संघीय कसरी सफलतापूर्वक कार्यान्वयन गर्ने भन्ने  हो । यो संविधानलाई कसरी सफलतापूर्वक रक्षा गर्दै  विकास गर्ने भन्ने होला ।

गण्डकी प्रदेशको समृद्धि कसरी हासिल गर्ने भन्ने होला, गण्डकीको नागरिकहरुलाई कसरी सुखी बनाउने भन्ने होला यसमा त हाम्रो  पनि विभेद छैन होला नि ? यो त एउटा साझा कुरा होला, हाम्रो कमन कुरा साझा एजेण्डाको कुरा हो यो तर गण्डकी प्रदेशबाट काठमाडौंलाई दिनु पर्ने सन्देशहरु त्यो हाम्रो सबैको साझा मुद्दा हुन सक्छ, सबैको साझा लक्ष्य हुनुपर्छ त्यो, हामी गण्डकीले त्यो  कुराहरु पनि स्थापित गर्न खोजेका छौं कि, गण्डकी प्रदेशमा एउटा राम्रो  मान्छेले देखिरहेको संस्थाले, सरकारले या व्यक्तिले त्यो इस्टुच्यिसनले राम्रो काम गरिरहेको बेलामा त्यसमा केही न केही कमजोरी भयो भने त्यसमा आलोचना हुने स्वभाविकै हो । त्यसले राम्रो गरे हुन्थ्यो भन्ने कुरामा नराम्रो गर्दियो भने  त्यसो नगरिदिएको भए हुन्थ्यो भनेर चाहि कुरा सकारात्मक नकारात्मक दुबै दृष्टिकोणबाट आलोचना हुन्छ। म काठमाडौंमै थिएँ, मलाई त्यो कुरा पनि थाहा थिएन, मैले त यो विकास कार्यक्रमको किताव पनि पढेको

थिएन, रातो किताव पनि पढेको थिएन मैले र काठमाडौंमा यति धेरै भाइरल भयो, हामीले अहिले सम्म कमाएको नियम एण्ड फाइन भन्छौं नि त्यसको धुलीचाट भयो भन्ने ढंगले यस्तो नकारात्मक प्रचार भयो मानौं  खलनायकहरु बसेका छन् गण्डकी प्रदेश सरकारमा।

न त्यो खलनायकहरुले सारा मुलुक तहस नहस गऱ्यो।  आफ्ना परिवारका लागि लड्ने काम गरिरहेका मान्छेहरु, राज्यको श्रोत र साधन परिवारमा खर्च गर्ने भन्ने व्याख्या गर्ने कुराहरु जसरी अगाडि बढ्यो, मलाई त लाग्छ, मैले पहिले पनि भन्ने गरेको छु है गोवर्धन पोखरेल जी साँच्चै नै हाम्रो कृष्णचन्द्र नेपालीज्यूको मात्र बुवा होइन मेरो पनि बुवा हो । लोकतान्त्रिक  आन्दोलनमा उहाँले खेलेको भूमिका, उहाँको परिवारले खेलेको भूमिका आज हाम्रो कामले गर्दा खेरि उहाँ माथि प्रश्न उठाउने विषय बन्यो  यसकारण कुन बेला श्रद्धा गर्ने,  कुन बेला सम्मान गर्ने,  कुन बेला सहिदको गरिमालाई माथि बढाउने भन्ने कुरा देश,  काल परिस्थिति अनुसार निर्धारण हुन्छ । कसले गर्ने, कसरी गर्ने भन्ने कुरा निर्धारण हुन्छ । अहिले हामी जसरी यहाँ कुरा उठिराखेको थियो यो ठिक र बेठिक कुरा ।

मुलुकले देखेको, यहाँ सामाजिक सञ्जाललाई भन्नुहोस्, आज सामाजिक सञ्जालको कति ठूलो भूमिका छ उता परिवर्तन भयो अरवमा,  फेसबुकहरुले पनि परिवर्तन गरेको सरकार हो त्यो यसकारण आज सामाजिक सञ्जालको त्यति ठूलो भूमिका छ, आज सकारात्मक ढंगले होस् वा नकारात्मक ढंगले हाम्रो  पक्षमा भन्दाखेरि नकारात्मक ढंगले धेरै प्रचार भयो। काठमाडौंका सबै ठूला ठूला पार्टीहरु हेडक्वाटरहरुमा पनि यो कुराको चर्चा छ,  गण्डकीले के  नकाम गरेछन्, कस्ता मान्छेहरु बसेका रहेछन भनेर आलोचना त भएको छ नि। यो रोष्टमबाट हामीले उत्तर हामीले राज्यलाई दिन सक्छौं, राष्ट्रलाई दिन सक्दैनौं,  हामी जनतालाई दिन सक्दैनौंँ।

यसमा खाली के परिस्थिति छ भने सहिदहरुप्रति हाम्रो सम्मान,  या मुलुकमा सामाजिक अभियान्ता प्रतिको हाम्रो सम्मान, या राजनीतिककर्मीहरु प्रतिको हाम्रो सम्मान,  हामी जुन ठाउँमा बसेका छौं त्यो ठाउँबाट हेर्दा हामीले गर्नुपर्ने सम्मान त छँदैछ।  त्यस माथि कसैले प्रश्न उठाएको हो जस्तो लाग्दैन, सहिदलाई किन यस्तो प्रश्न उठाएको

भन्ने होइन। सवालमा के मात्र रहेछ भन्दा, अब हाम्रो माननीय मुख्यमन्त्रीज्यूको त्यो भावना छ भन्ने लाग्दैन मलाई । यति शालिन मान्छे, व्यक्ति तर आज एक खालको कता कता परिस्थितिले वलीको बोको बनाएको छ, एकदमै प्रश्न उठिरहेको छ उहाँ माथि। उहाँका सरकार माथि, उहाँको मन्त्रीहरु माथि या उहाँको अरु कार्यकर्ता माथि प्रश्न उठिराखेको छ ।

आफ्नै बाउको ट्रष्टलाई किन पैसा हाल्नुपर्‍यो ? अर्को मन्त्रीको बाउका नाउँमा ट्रष्ट किन हाल्नुपर्‍यो ? नेताको नातेदारको नाउँमा ट्रष्ट किन हाल्नुपर्‍यो त्यो उठिराखेको छ। उठेको के हो भने, माओवादी जनयुद्धमा धेरै व्यक्तिहरु सहिद हुनुभएको छ नि, उदाहरण भिमसेन पोखरेलको कुराकानी गर्छु म। भिमसेन पोखरेललाई हामी सबैले सम्मान गर्नु पर्ने व्यक्ति हो तर भिमसेनसँग मरेको हाम्रो वाग्लेजी उहाँ भन्दा सिनियर पोलिटिसियन थियो रे त्यतिखेर भन्ने सुनेको। उहाँको पिएसओ भएर काम गरेको भिमसेनजीले । दुवै जनाको एकै ठाउँमा सहादत प्राप्‌त गर्नुभयो अनि हाम्रो प्रश्न उठेको कहाँनिर छ भनेदेखि भिमसेन पोखरलको आफ्नो मान्छे भएको हुनाले, सरकारमा भएको हुनाले उसको ट्रष्ट बन्यो अनि हाम्रो वाग्लेजीको नाउँ ट्रष्ट खोलिएन, यहीनिर मान्छेले प्रश्न उठाएको हो । यहीनेर प्रश्न उठाएको हो । नेपाली काँग्रेसको पार्टीमा लागेर सात सालदेखि अस्ति भर्खरको आन्दोलनमा थुप्रै व्यक्तिले साहदत प्राप्त गरेका छन् नि ।

गोवर्धन बा जस्तै उहाँभन्दा केही माथि पनि भएको हुन सक्छ या उहाँका समकक्षीहरु अरु पनि थुप्रै होलान् नि तिनीहरुलाई पनि केही गरेको भए प्रश्न उठ्थेन नि त्यहाँ। आफ्नै बालाई किन गरेको भनेर प्रश्न उठाएको छ मान्छेले। हाम्रो समाज त्यस्तै छ नेगेटिभ कुरा धेरै गर्ने समाज छ त्यसकारण यसमा हामीले अहिले शालिनतापूर्वक कहिले कहिले के हुन्छ भने, जो चोर उसको ठूलो स्वर जो अझ भनेर त्यसपछि झन नेगेटिभ धारणा बन्ने छ हाम्रो समाज छ त्यससकारणले यसपटक हाम्रो सहिदहरु प्रति यथोचित सम्मान कायम रहँदै अहिले अस्ति मुख्यमन्त्रीज्यू बोल्नुभएको मैले सुनें, मैले जुन खालको त्यो ट्रष्टहरुलाई यस्तो गर्ने काम हामीले कमजोरी गर्यौं भन्ने

जुन खालेको भन्नुभएको छ, अहिले त्यसैमा जाँदा इज्जत भएको छ। हामी प्रतिपक्ष हुँदा हामी गोवर्धन बालाई हामी सम्मान गरौला न या पुननारायण श्रेष्ठ बालाई पनि हामी सम्मान गरौंला, या भिमसेनज्यूलाई गरौंला या अर्को थुप्रै साथीहरु हुनुहुन्छ। सहिदलाई सम्मान नगर्ने कसैले भनेको छैन, चाहे प्रतिपक्ष दलको हैसियतले भन्दाखेरि हाम्रो पार्टी नेकपा एमालेले पनि सहिदहरुलाई सम्मान गर्नु हुँदैन भन्या होला र ? भनेको छैन होलानि त ।

त्यसकारणले हामीले गलत काम गऱ्यौं, गलत म्यासेज जाने ढंगले काम गऱ्यौं। हाम्रो यो सफा अनुहारमा सफा कपडामा कोलो पोतियो अझ बढी गण्डकी प्रदेश सरकारको वदनाम हुँदाखेरि मैले काखी बजाउनु हुन्छ ? किनभने गण्डकी प्रदेशको सरकार चलाएको व्यक्ति हो, गण्डकी प्रदेशको सरकार हामी सबैको सरकार हो । यो सम्मानित संसदले बनाएको सरकार हो। त्यो त्यसकारण हामी सबैको सरकार हो नि व्यक्ति भएपनि । त्यसकारण उसमाथि उठेका प्रश्न उठाइरहेका छन् संघीयता विरोधीहरुले, प्रतिगामी तत्वहरुले, धर्मनिरपेक्ष माथि प्रश्न उठाइरहेका, संघीयता विरोधीहरुले प्रतिगामी शक्तिहरुले प्रश्न उठाइरहेका छन्, संघीयतामाथि प्रश्न उठाइरहेका छन। सबैको तार के छ भने प्रदेश सरकार दैन, प्रदेश सरकार दैन भनेर त्यही बेलामा हामीले प्रदेश सरकार दैन भन्ने व्यक्तिहरुलाई बल पुग्ने ढंगले जसरी हामीले धेरै मन्छेहरुले अरुची राख्ने यो फेसबुकमा गलत नेगेटिभ कुराहरुको प्रचार गर्न चाहने शक्तिहरुलाई प्रभावित गर्ने ढङ्गले जुन काम हाम्रो तर्फबाट भयो । कहिले कहिले राम्रो काम हुँदाखेरि पनि गलत बेलामा भयो भने त्यसको अपजस लिन तयार हुनु पर्छ, हामीलाई भएको त्यही हो।

यसकारणले हामीले त्यो सहिदहरुको सम्मान गर्ने कुरामा किन अपमान गरेको होला भन्ने ढङ्गले सत्ता पक्षका माननीयज्यूहरुलाई म भन्न चाहन्छु । जे भयो वदनाम भयो, जे भयो नराम्रो भयो, जे भयो हाम्रो संघीयता माथि संघीय शासन प्रणालीमा यस्तै हुँदोरहेछ, प्रदेश सरकारहरु यस्तै हुँदोरहेछ चाहिएन, किन चाहियो २२ वटा मन्त्रालय ? किन चाहियो २२ वटा मन्त्री ? या त्यसमा पनि राज्यमन्त्री थप्ने ? हामी यहाँ ७

बाट ९—१० मा लैजाँदाखेरि त मन्त्रीहरुले के काम दिने भन्ने समस्या हुन्छ ? के काम गरेको होला भन्ने मलाई पनि लागेको छ । वाग्मती प्रदेश त्यही गर्छ, १ नं. प्रदेशले त्यही गर्छ, यो लुटेर खायो, लुटेर खायो प्रदेशका सांसदहरुले भन्छ यो वदनामी हामीले गरिराखेका छौं यो कामले गर्दाखेरि यसकारण हामी सचेत बन्नुपर्ने छ यही कुराहरुमा अलिकति केही कुराहरु राखौं भनेर म यहाँ उभिएको हो त्यसकारण हाम्रो कुनै यसमा खाली चाहि संघीयतालाई बदनाम गर्न चाहनेहरुको मुख कसरी हामीले उत्तर दिने होला ? हाम्रो व्यवहारले दिन पर्‍यो उत्तर संघीयता यसकारणले आवश्यक छ, प्रदेश सरकार संघीयताको मूल चुरो प्रदेश सरकार हो भन्ने कुरा हामीले व्यवहारबाट पुष्टि गर्नुछ, हामीले विकास निर्माणको प्रकृयाबाट पुष्टि गर्नुछ ।

त्यसकारण हामीले संविधान कानूनका सबै बुँदाहरु गर्ने कुरा ठिक ढंगले कार्यान्वयन गरेर अगाडि बढेर संवैधानिक ढंगले प्रदेेश सरकार चल्दाखेरि लोकतन्त्र सुदृढ हुँदो रहेछ, गणतन्त्र बलियो हुँदोरहेछ, संघीयत शासन प्रणालीले आफ्नो सामर्थ्य देखाउँदो रहेछ भनेर हामीले पुष्टि गर्नु पर्छ नि । हाम्रो व्यवहारमा तल माथि केही भयो भने त्यसले हामी सबैको निधारमाथि कालो पोतो लाग्छ भन्ने मलाई लाग्छ त्यसकारणले हामीले यो रोष्टममा उभिएर मैले यी सबै कुरा राखिरहँदाखेरि अहिले हामी यो कार्यकालको प्रदेश सरकारको अन्तिम बजेटको अधिवेशनको छलफलमा छौं र अन्तिम दिनमा छौं हामी ।

बजेट निर्माण गर्दाखेरि हामीले संविधानका प्रावधानहरुलाई अक्षरसः पालना गयौं कि गरेनौं ? या हाम्रो नीतिगत आधारमा के के हाम्रा मापदण्डका आधारमा बजेट बनाउँदा त्यो चाहिने होला नि त ? अघिल्लो वर्षको हाम्रो बजेट कार्यान्वयनको समीक्षा गर्नु पर्ने हो कि होइन ? समीक्षा प्रतिवेदन पेश हुनुपर्छ होला त्यसकारण यस काममा यसपटक यो कार्यक्रम ल्याइयो, यो कार्यक्रम थप बनाइयो या बजेट करका दायरा यसकारणले बढाइयो, यो यो क्षेत्रमा बढ्यो यसकारण हाम्रो आन्तरिक राजश्व बढाउने काम यति गरियो, पहिले यति उठ्यो अघि अर्थमन्त्रीले के के कुराहरु भन्नुभयो त्यो चहिने होला नि त ? त्यो आज हामीसँग छैन नि । हामीले गतवर्ष पनि उठाएकै हो

। कमसेकम बजेट निर्माण गर्दाखेरि ४—५ वटा  पुस्तक त चाहियो ४—५ वटा डकुमेन्ट त चाहियो नि, यो डकुमेन्टको आधारमा बजेट बनेको अनि हामीहरु जहिले पनि मिड टमको एक्सिपिरियन्सको कुरा किन उठाइरहेका छौं हामीले ?

मध्यमकालीन खर्च संरचनाका कुरा किन उठाइरहेका छौं? हामीले बनाउँदा प्रथम पञ्चवर्षिय योजना बनायौं, ५ वर्षको योजना बनाउने अनि बिचमा कहिले पनि सीमा अवलोकन नगर्न हो भने हामीले सुरु गरेका योजनाहरुलाई चाहिने, आवश्यक पर्ने, श्रोत र साधनको व्यवस्थापन हुन सक्यो कि सकेन ? श्रोत र साधनको व्यवस्थापन हुन सकेन भने हामीले अगाडि सारेको योजना कुन हालतको हुन्छ ? त्यो कार्यान्वयन भएन भने के हुन्छ ? हाम्रो योगदान यसमा देखिन्छ कि दैखिदैन ? हामीले काम गरेको परिणाम आउँछ कि आउँदैन भन्ने कुराको हामीले मूल्यांकन गर्नु पर्दैन ? मध्यकालिन खर्च संरचना भन्ने कुरा त्यही  त होला नि ? सार्वजनिक प्रशासनको खर्चको व्यवस्थापन कसरी गर्ने भन्ने कुरा यसले स्पष्ट बोल्नुपर्‍यो । आज म यहाँ भन्न चाहन्छु, अनि हाम्रा ती वहुवर्षिय आयोजनाहरु छन्, वहुवर्षिय आयोजनाहरुको श्रोतको व्यवस्थापन यस ढंगले  पहिलो वर्षमा यति चाहिन्छ, दोस्रोमा यति चाहिन्छ, तेस्रो वर्ष हाम्रा धेरै योजनाहरु ४ वर्षको ५ वर्षको छैन, धेरैजसो सडकका योजनाहरु, धेरै जसो सिँचाईका योजनाहरु, खानेपानीका ठूल्ठूला योजना हाम्रा ३—३ वर्षको छ।

पहिलो वर्षमा यति चाहिन्छ, दोस्रो वर्षमा यति चाहिन्छ, तेस्रो वर्ष  यति चाहिन्छ भन्ने त होला, बजेटको नियम  होला,  वहुवर्षिय कार्यक्रमको  नीति, नियम र मापदण्ड होलान्, त्यो अनुसारको  बजेटको प्रबन्ध भएको छ कि छैन  भन्ने कुरा त मिडटर्म एक्सिपिरजन फ्रेमवर्क नबनाइकन हाम्रो नयाँ बजेट कसरी बन्छ ? तपाईंहरुले त्यो पनि ल्याउनुभएन, अनि प्रतिपक्षले कराएपछि बल्ल बल्ल ल्याउनु भयो । यसले हामी माथि असहजता जन्माएको छ त्यसकारण तपाईंहरुले यो बजेट निर्माण गर्दा तपाईंहरुमा ठूलो अन्तरविरोध थियो, ठूलो द्वन्द थियो। त्यो दण्डको परिणाम प्रदेशले व्यहोर्ने हो?  प्रदेशको जनताले व्यहोर्ने हो ? त्यो दण्डको असर यो प्रदेश सभाले व्यहोर्ने हो ? त्यसको अवगाल प्रदेशको प्रतिपक्ष सांसदले, प्रतिपक्ष पार्टीले व्यहोर्ने हो

? हामी व्यहोर्न तयार छैनौं । काम गर्दाखेरि त ढङ्ग पुर्याउनु पर्‍यो, विधि पुर्याउनु पर्‍यो, सबै पुर्याउनु पर्‍यो नि ।

त्यसरी बनाएको बजेटमा बोल्न त्यसले एउटा सन्देश दिन सक्छ, जनतामा एउटा भरोसा वृद्धि हुन सक्छ । काठमाडौंमा बसेर प्रदेश सरकारलाई खिसिट्युरी गरिराख्नेहरुलाई उत्तर दिन सक्छ, त्यो ठाउँमा हामी पुग्न सक्छौं। आज त्यस्तो भएको छ कि छैन भन्ने प्रश्न मात्र हो हाम्रो, त्यसकारणले यो विगतको कामको बजेटको कार्यान्वयनको समीक्षा प्रतिवेदन हामीसँग हुँदैन, हामी सँग त्यो रातोकिताब वक्तव्य हुने नै भइहाल्यो। विकास कार्यक्रमको पुस्तिका पनि हुने भइहाल्यो। आज विकास कार्यक्रमको एउटा पुस्तक पनि हुने भइहाल्यो अनि करको दायरा निर्धारणका लागि शीर्षक पनि भइहाल्ने भयो। त्यसको साथ साथमा हाम्रो यो मध्यमकालिन खर्च संरचना पनि हुनुपर्छ भनेर हामीले त्यसकारणले भनेका हौं त्यसकारणले यस्तो भएन भने वहुवर्षिय आयोजनाहरुको वेवारिसे पो भइराखेको छ कि भन्ने चिन्ता छ, किनभने हामीले धेरै ठाउँमा धेरै पटक देखेका छौं । अहिले माननीयज्यूले राम्रो उत्तर दिनुभयो त्यस कामको लागि म धन्यवाद दिन चाहन्छु तर ४० / ४० करोड हाल्ने ठाउँमा ४ करोड हालेर हाम्रो दायित्व पूरा हुन्छ ?

अब यो अन्तिम वर्षमा यो सकिने वर्षमा सक्ने बजेट नहालेर फेरि चौथो वर्षमा, पाँचौ वर्षमा धकेलेर हाम्रो दायित्व पूरा हुन्छ ? हामीले प्रश्न उठाएको त्यहाँ मात्र हो। हाम्रा कतिपय गौरवका आयोजनाहरु छन् रणनीतिक महत्वका आयोजनाहरु छन् होइन, ती सबै आयोजनाहरु यो त कसैले कुनै कुरा गरेर कुनै के गरेर उहाँले देखाउनु भयो, मेरै निर्वाचन क्षेत्र वास्तवमा २ वटा सडक हुँदै थियो, निर्वाचन क्षेत्रको सडकमा यो अन्तिम वर्ष हालेको, अस्ति मैले मुख्यमन्त्रीलाई भने यसको ३ खण्ड बनाएर हालेको पैसा हालिदिनुभयो दोस्रो खण्डको पिचको लागि ७/८ करोड चाहिन्छ भनेर मैले भनेको हो । त्यही प्रोग्राम गत वर्ष हामीले यहाँ यो संसद अवरुद्ध गर्नु परेको थिएन । वहुवर्षिय आयोजनाहरु पारित गरिसकेको, सम्झौता गरिसकेको वहुवर्षिय आयोजनाको माग प्रति हामीले त्यसलाई फेरि यो बजेटमा नआएपछि फेरि हामीले

सम्झौता मार्फत् हामीले संसोधन गरिसकेका वहुवर्षिय आयोजनालाई कार्यान्वयन गर्ने भनेर हामीले गतवर्ष हामीले यहाँ संसद अवरुद्ध गर्नु परेको होइन ?

त्यसकारण हामीले खालि व्यक्तिको कुरा, कुनै सांसदको कुरा होइन, एउटा प्रत्येक गाउँपालिका, नगरपालिका, प्रशासनिक केन्द्र सडक जोड्ने सडक बनाउने भनेर हाम्रो योजना हो। भनेको हो त्यो भन्दाखेरि कुनै सांसदको होइन, ८५ वटा पालिकाहरु छन्, हामी १ निर्वाचन क्षेत्र १ सडक भनेपछि त्यो समावेशी हिसावले संसोधितका हिसावले ३६ वटा निर्वाचन क्षेत्रमा एउटा / एउटा सडक बन्ने भयो । हामीले बारम्वर भन्ने गरेको छौं दिगो विकासको लक्ष्यलाई समावेशी विकास गर, समानुपातिक विकास गर, सन्तुलित विकास गर किन भनेको ? जहाँ जहाँ विकासमा असमावेसी हुन्छ, अधिकारमा असमावेशी छ, पहुँचमा असमावेसी हुन्छ, प्रतिनिधित्वमा असमावेशी हुन्छ, त्यहाँ लडाईं हुन्छ एभ्रिथिंग लर्ड एण्ड विलंगिङ हुन्छ भनेर लेख्छ, संसारमा भएको हरेक लडाईं, हरेक झगडा, द्वन्द स्वामित्वको कारणले हुन्छ। त्यो निर्णयप्रति, त्यो योजनाप्रति, त्यो परिणामप्रति आफ्नो स्वामित्व के हुन्छ ? त्यो चिजप्रति स्वामित्वको लडाईं छ आज दुनियाँमा त्यसकारणले संयुक्त राज्य राष्ट्रसंघले भनेको सबै सबैलाई चित्त बुझाउने गरेर, सबैको सहभागिता हुने गरेर, सबैको स्वामित्व हुने गरेरे त्यो समावेशीका माध्यमबाट मात्रै हुन सक्छ।

समावेशी प्रतिनिधित्वको माध्यमबाट मात्रै हुन सक्छ। श्रोत साधनमा समावेशी पहुँच, समावेशी अधिकारका माध्यमबाट मात्रै यस्ता द्वन्द्वको व्यवस्थापन हुन सक्छ भनेर आज दुनियाँमा जुनसुकै ठाउँमा आज जुन द्वन्द्व देखा परिराखेका छन् या धार्मिकको नाउँमा, या क्षेत्रको नाउँमा सबै यस्तै द्वन्द्वहरु छन् नि अहिले त्यसकारणले त्यो द्वन्द्वहरु व्यवस्थापन गर्नको लागि हरेक संयुक्त राष्ट्रसंघले जोड दिएको कारणले नामै दिगो विकासको लक्ष्य शिक्षामा होस्, स्वास्थ्यमा होस् या भोकमरी अन्त्य गर्ने कुरा होस्, गरीवि अन्त्य गर्ने कुरा होस्, वातावरण संरक्षणको अन्त्य गर्ने कुरा होस्, अर्को कुरा होस् सबै ठाउँमा समावेशी र दिगो । समावेशी मात्रै भयो भने पनि दिगो हुन्छ भन्ने उसको छ। समृद्धि भएपछि मात्र दिगो हुन्छ त्यो अवधारणा अन्तर्गत

गरेको हो त्यसकारण हामीले योजना बनाउँदा, हामीले बजेट निर्माण गर्दा कमसेकम हामीले भनेको हाम्रो संविधानलाई हेर्नुपर्‍यो, हाम्रो कानुनलाई हेर्नुपर्‍यो, हामीले गरेको प्रथम पञ्चवर्षीय योजनालाई हेर्नुपर्‍यो। वहुवर्षियलाई हेर्नुपर्‍यो, त्यो अनुसारको मध्यकालिन खर्च संरचनालाई हेर्नुपर्‍यो। अनि हाम्रो त्यसको आधारमा हेर्नु पर्‍यो र हामीले अगाडि सारेका जे जे योजनाहरु छन् तिनलाई पनि हेर्नुपर्‍यो, वहुवर्षिय योजनाहरु कुन कुन छन् त्यो अवका दिन तेस्रो वर्षमा कति बजेट चाहिन्छ ? गौरवका आयोजनाहरुको लागि कति बजेट चाहिन्छ ? हामीले जग्गा प्राप्त गरेर अब सुरु गर्नुपर्ने नयाँ नयाँ आयोजनाहरु कुन कुन हुन्छ, नयाँ छनौट गर्नुपर्‍यो नि तपाईंहरुले नि।

बहुवर्षीय हामीले क्रिकेट मैदान बनाउनो लागि जमिन प्राप्त गरेका छौं तर त्यहाँ क्रिकेट मैदान बन्ने सुरसार छैन, हामीले एकदम धेरै लडाईं लडेर १०७ रोपनी जग्गा जीआटीको लागि जग्गा प्राप्त गरेका छौं रामकोटमा । त्यो त्यतिकै अलपत्र परेर बसेको छ । कुनै ठाउँमा जमिन नपाएर केही काम गर्न पाएको छैन, हामीले पाएको ठाउँमा जमिन बनाउने त्यहाँ निर्माणको काम भएको छैन । हाम्रो ध्यान केन्द्रित त्यहाँ जानु पर्ने होला नि त । क्रिकेट मैदान यहाँ एउटा बनाउनु पर्ने होला नि, फूटबलको मैदान अरु राम्रो बनाउनुपर्ने होला नि।

वहुवर्षमा लैजानु पर्ने होला नि त ? हामीले भनेको कुरा हो त्यो त्यसकारणले कनिका नछरौं । मैले त पढ्दै पढिनँ, त्यो हेरेको पनि थिएन मैले हिजो बेलुका मात्र यसो पल्टाएर हेरेको, यो वार्षिक विकासको कार्यक्रम हेरेको के भन्छ त्यसलाई २०/२० लाख लाख, ३०/३०,२५ लाख यस्तो कनिका छरेर न त्यसले हाम्रो उद्देश्य प्राप्त हुन्छ , न हाम्रो लक्ष्य प्राप्त हुन्छ , न त्यो हाम्रो रणनीति लक्ष्य जे छ सो प्राप्त गर्न सक्छौं , न त्यसले भोलि कुनै परिणाम दिन सक्छ, न त्यसले कुनै रोजगारी श्रृजना गर्ने काममा योगदान दिन सक्छ, न गरीविको अन्त्य गर्ने कुरामा कुनै योगदान दिन सक्छ ? न यो प्रदेशको आर्थिक वृद्धिदर हासिल गर्ने कुरामा योगदान दिन सक्छ ?

न त नेसनल डिडिपिमा यो बजेटले के योगदान दिने भन्ने कुरामा न कुनै योगदान दिन सक्छ ? केही पनि छैननि ।

कनिका छरेर के हुन्छ ? कनिका छरेर जुरेलीहरु पाल्न सकिएला तर हात्तीलाई बचाउन सकिंदैन तर बाजलाई बचाउन सकिंदैन त्यसकारण हामीले देखेको मैले देखेको त्यो सबै केही पनि प्राप्त हुँदैन त्यसबाट जति वहुवर्षिय योजना हुन्थे, उहाँहरुले जति त्यसमा कन्टिन्यु गर्नु भएको छ, त्यसले एउटा परिणाम दिन्छ छ किनभने त्यहाँ यति किलोमिटर सडक सडक बन्यो भने परिणाम आउछ हामीलाई सक्छ त्यसले हामीको व्यापारमा यति वृद्धि गर्‍यो, उत्पादनमा यति वृद्धि गर्‍यो यति रोजगारी श्रृजना गर्‍यो यति बाटो खोल्यो त्यहाँ औद्योगिकीकरणको सुरु भयो या कृषिमा आधुनिकीकरणलाई सहज बनायो या होमस्टेहहरु सञ्चालन गर्नको लागि त्यहाँ स्वरोजगार श्रृजना गर्ने कुरामा, या लोकल उत्पादन वृद्धि गर्ने कुरामा योगदान गर्‍यो यति हुन्छ होला नि यसको ? त्यसको परिणाम आउँछ होला नि, यो सबै परिणाममुखी ढंगले हाम्रो निश्चित उद्देश्य छ हाम्रो मुख्य सोच के हो भने समृद्ध गण्डकी सुखी गण्डकी प्रदेशवासी, समृद्ध प्रदेश सुखी नागरिक हाम्रो सोच त्यही हो नि हाम्रो भिजन त्यही हो त्यसको लागि हामीले राखेको लक्ष्य के हो भनेदेखि उत्पादन बढाउने त्यसकारण समृद्ध गण्डकी, सुखी गण्डकी प्रदेशवासीका आधारमा हामीले लक्ष्य निर्धारण गरेका छौं।

हाम्रो लक्ष्यहरु निर्धारण गरेका छौं। लक्ष्य निर्धारण गर्दाखेरसि हामीले के भन्यौं भन्दाखेरि उच्च उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उच्च रुपमा, उच्च उत्पादन र उत्पादकत्व, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश बनाउन टेवा पुर्‍याउने हाम्रो लक्ष्य हो भनेर भनेको यसकारण तीन वटा उद्देश्यहरु छन् हाम्रा ती तीन वटा उद्देश्यहरु के भने उत्पादन र उत्पदकत्व वृद्धि गर्दै समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्नु पहिलो समाजवाद उन्मुख राष्टिय अर्थतन्त्र निर्माण गर्ने कुरा हाम्रो एउटा उद्देश्यले यसका ५/७ वटा रणनीतिक लक्ष्यहरु छन् ।

उद्देश्य नं. २ ले के भन्यो भने हाम्रो ७ वटा समृद्धिका आधारहरु छन्, हामीले भनेको छौं पर्यटन, त्यसपछि ऊर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार अनि मानव संशाधन र सुशासन यो ७ वटा आधारहरुलाई हामीले प्राथमिककै आधारमा प्राथमिक निर्धारण गरेका छौं गण्डकीको समृद्धिको आधारहरु भनेर । यो समृद्धिको आधारको माध्यमबाट हामीले समतामूलक तथा फराकिलो उच्च आर्थिक वृद्धि हासिल गरी प्रदेश समृद्धिको आधारशीला निर्माण गर्ने । समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्दै यी सबै क्षेत्रमा पर्यटनमा, ऊर्जामा या कृषिमा या उद्योगमा, भौतिक पूर्वाधारको विकास गरेर, मानवीय संसाधनका माध्यमबाट उच्च दक्ष जनशक्तिका माध्यमबाट भन्दा पनि भयो र सुशासन कायम गरेर हामीले समाजवादको आधारशीला तयार गर्ने हाम्रो दोस्रो उद्देश्य हो । यो दोस्रो उद्देश्य प्राप्त गर्नलाई पनि कमसे कम ६ वटा रणनीतिहरु हामीले निर्धारण गरेका छौं । उद्देश्य नं. ३ मा गणस्तरीय शिक्षा हाम्रो ।

गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वस्छ वातावरणमा पहुँच पुऱ्याइ सबै नागरिकलाई सामाजिक सुरक्षा र सुशासनको अनुभूति दिलाउन हाम्रो तेस्रो उद्देश्य हो । हो यही तीनवटा उद्देश्यमा आधारित भएर, यही हाम्रो लक्ष्यमा आधारित भएर, हाम्रो सोचमा आधारित भएर हाम्रा हरेक वर्षको बजेटले यसलाई सम्वोधन गरेर आउनु पऱ्यो । त्यसकारणले प्रथम पञ्चवर्षीय योजनालाई तपाईंहरुले आधार मानेको छ कि छैन भनेर हामीले भन्न कुरा हो । हामीले प्रथम पञ्चमवर्षिय योजना बनाउँदा पहिलो वर्ष यो गर्ने, दोस्रो वर्ष यो गर्ने र तेस्रो वर्ष चौथो वर्ष यो भन्छ। अब तेस्रो वर्षको तीनवटा वर्षको लागि हामीले के गर्नुपऱ्यो मध्यकालिन बिचमा आएर हामीले मध्यमकालीन खर्च संरचना गरेर बाँकी रहेको हामीले भनेको अनुसार दोस्रो वर्षमा लगानी नहुन सक्छ तर त्यहाँ लगानी कम भयो भने तेस्रो वर्षमा बढाउनु पर्ने स्थिति हुन सक्छ र त्यसको आधारमा हामीले काम गरेर अगाडि बढ्नु पर्छ भनेको हो हामीले ।

त्यसले हामीले गतवर्ष पनि हामीले यो संसदलाई जानकारी गराएर, संसदलाई अवरुद्ध गरेर यी कुराहरुमा हामीले तपाईंहरुलाई जानकारी गराएर त्यसमा अगाडि बढ्नु

पर्छ भनेर हामीले सुझाव दिएको हो । यो वर्ष पनि हामीले त्यो काममा अगाडि बढ्नु पर्छ भनिराखेका छौं त्यसकारण यो कुनै लहडमा विरोधको लागि विरोध होइन, यसरी गर्दाखेरि मात्रै हामीले आफ्नो लक्ष्य निर्धारण गर्न सक्छौं । किनभने हामीले लक्ष्य निर्धारण गरेका छौं, लक्ष्य निर्धारण गरेपछि आर्थिक वृद्धि कति हासिल गर्ने हो ५ वर्ष भित्र भन्ने हाम्रो छ कि छैन ? त्यो आर्थिक वृद्धि हामीले भनेका छौं, पहिलो वर्ष त हाम्रो ६ प्रतिशत मात्रै हासिल गर्ने भनेको, दोस्रो वर्ष हामीले कोभिडको कारणले हामीले के निर्धारण गरेका थियौं हामीले ३.७३ प्रतिशत हुन सक्छ भनेका थियौं हामीले । यो वर्ष हामीले ६.१७ प्रतिशत प्राप्त हुन्छ भनेका थियौं ।

अस्ति एउटा पोल्टिकलले लेखेको थियो गण्डकी प्रदेशले ६.१७ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्‍यो भनेको थियो । यो बागमती प्रदेश हाम्रोमा मात्र छ। अरु सबै तल तल छ। यो वर्ष हामीले बनाउँदाखेरि ७.७ आर्थिक वृद्धि दर हुने गरेर हाम्रो बजेट निर्माण गर्नु पर्‍यो भनेको हो हामीले । दोस्रो कूल ग्राहस्थ उत्पादनमा अहिले हाम्रो कति कन्ट्रिव्युसन छ भन्दाखेरि अहिले हाम्रो कन्ट्रिव्युसन हुनु पर्ने कति कमसेकम ४ खर्व ३१ अरब ८० करोड त हुनुपर्‍यो भन्ने हो । यो वर्ष त्यति भएको भएन हाम्रोतर्फबाट कन्ट्रिव्युसन ? हाम्रो बजेटले त्यति गर्‍यो कि गरेन कूल ग्राहस्थ मा त्यति कन्ट्रिव्युट गर्यो कि गरेन ? त्यसलाई आधार मानेर हाम्रो बजेट बन्यो कि बनेन ? यो वर्ष हाम्रो कमसे कम साँढे ४ खरव कूल ग्राहस्थ उत्पादन हुने गरेर हाम्रो बजेट निर्माण गर्नु पर्‍यो ।

बजेट त्यसमा योगदान पुर्‍याउन पर्‍यो। नेशनलमै जिडिपिमा गण्डकी प्रदेशले कति कन्ट्रिव्यूट गर्न सक्छ भनेर हामीले भनेको छ त्यसकारण प्रतिव्यक्ति आय बनाउने निश्चित निर्धारण गरेका छौं । यो अर्को वर्ष पाँचौ वर्षमा पुग्दाखेरि पनि हामीले १९५६ यूएस डलर पुर्‍याउने भनेका थियौं, त्यति पुर्याइएन भने हामीले २२ वर्ष भित्र १५ हजार प्रति व्यक्ति आम्दानी पुर्‍याउने कुरा हामीले पुर्‍याउन सक्दैनौं त्यसकारण अहिलेदेखि त्यो सबै कुरालाई पूरा गर्दै लैजानु पर्छ भनेर हामीले प्रश्न उठाएको त्यहाँनिर हो । त्यसकारण प्रति व्यक्ति आय यो वर्ष १६५८ पुर्‍याउने ढङ्गले हाम्रो

बजेट विनियोजन हुनुपर्‍यो । हाम्रो नीति र कार्यक्रममा आउनुपर्‍यो। हाम्रो बजेटको सिद्धान्त र प्राथमिकताको कुरा ठिक ठिकै आएको भएको पनि नीति कार्यक्रमदेखि बजेट कार्यक्रममा आउँदा धेरै डिरेल भएर, धेरै डिट्याक्ट भएर हाम्रो यी बाटोहरु अलि अङ्गीकार गर्दै अलि वेवास्ता गर्दै अलि उदासीन बन्दै बन्दै गइरहेको देखिन्छ । किनभने चौथो वर्षको विकास कार्यक्रम जसरी छुट्याएको छ यति धेरै वार्तालाप छ कसरी सम्भव छ ? हाम्रा आफ्नो संरचनाहरु कार्यालयहरु साना साना छन्। १० करोडको एउटा बजेट लागू गर्दाखेरि पनि उत्ति नै चाहिन्छ कर्मचारी ।

अघि माननीयज्यूले भन्नुभयो १० लाख भन्दा बढी नगर्ने, २० लाख भन्दा कमको सडकहरु छैन भनेर । अब १० करोडको एउटा सडक निर्माण गर्ने कुरा, त्यसलाई प्रकृयामा लैजाने कुरा र अब १० लाखको २० लाखको कतिवटा सडक बन्छ ? अनि त्यसले प्रतिफल दिन सक्छ कि सक्दैन ? त्यो बेलामा कार्यान्वयन हुन सक्छ कि सक्दैन ? हाम्रो आजको जनशक्ति कति छ ? त्यो पनि हेर्नु पर्दैन ? त्यसकारण हामीले यो कनिका छर्ने कुराले कुनै परिणाम आउँदैन ।

यसले हामीले राखेको लक्ष्यहरु कुनै पनि कन्ट्रिव्युट गर्दैन भनेर प्रश्न उठाइराखेको विषय हो त्यसकारण अहिलेको यो बजेटले त्यस्तो गर्ला जस्तो मलाई लागेन । पुरानो वहुवर्षिय योजनाहरु छन् त्यो पूरा भयो भने त्यसले केही न केही योगदान देला नत्र अहिलेको बजेटले यो कुरामा धेरै कन्ट्रिव्युट गर्ला जस्तो लाग्दैन कूल गार्हस्थ उत्पादन गण्डकी प्रदेशको योगदान कति हुन पर्छ भने यो वर्ष हामीले ९ प्रतिशत पुर्याउनु पर्छ ।अबको बजेट ५० खरवको बन्यो भने हामीले कमसेकम के गर्नु पर्छ ? कमसेकम लगभग ५ खरवको आसपासमा हाम्रो कूल गार्हस्थ उत्पादन पुर्याउनु पर्छ, त्यसको लागि हाम्रो पर्यटनमा लगानी गर्नुपर्‍यो, त्यसको लागि पूर्वाधारमा लगानी हुनुपर्‍यो, त्यसको लागि कृषिमा लगानी हुनुपर्‍यो, त्यसको लागि ऊर्जामा या खानेपानीमा लगानी हुनुपर्‍यो उत्पादिन क्षेत्रमा पनि त्यत्तिकै लगानी हुनुपर्‍यो अनि मात्र यो चिजहरु बिना सुशासनको कायम हुन सक्दैन, भष्टाचार नियन्त्रण हुनु पर्‍यो,

रोकिनुपर्‍यो, ढिलासुस्ती रोकिनु पर्‍यो, बेलैमा काम हुने परिस्थिति बन्नु पर्‍यो त्यो कामको लागि बजेटले केही बोलेको छैन, चिन्ता लिनुपर्‍यो नि ।

सुशासन कायम नभईकन यी सबै कामहरु नभइ बजेट कार्यान्वयन हुन सक्दैन भन्दछौं। सुशासन कायम हुनको लागि जनशक्ति क्षमता कसरी अभिवृद्धि गर्ने भन्ने बोल्नुपर्‍यो त्यो कहीँ बोलेको देखिदैन । या जनशक्तिको यहाँ संरचनाको बारेमा बोल्नुपर्‍यो त्यो पनि कहीँ बोलेको देखिदैन। या संरचना पनि चाहिन्छ कहिलेकाहीँ, संरचना नभइ हाम्रो बजेट कार्यान्वन हुन सक्दैन, पूजीगत खर्च नै बढ्न सक्दैन। त्यही भएर हामीले सबै जिल्लामा त्यो पछि तपाईले ल्याउनु भएको छ कि ल्याउनु भएको छैन मलाई थाहा छैन । त्यो बजेट हेर्दाखेरि ल्याउँदाखेरि २ वटा मात्र भूसंरक्षण कार्यालय थियो गण्डकी प्रदेशमा । साविक धवलागिरीमा, साविक पर्वतमा, साविक गण्डकीको तनहुँमा मात्रै थियो ।

हामीले यसलाई विस्तारै ११ वटै जिल्लामा पुर्याउन पर्छ भन्यौं किनभने त्यो समस्या गण्डकी प्रदेशमा आफैमा रेनफलमा एकदमै धनीमा प्रदेश सरकार हो भन्ने हामीले बुझ्नुपर्‍यो, यसमा धेरै संरचना चाहिन्छ । हामी धेरै संरचना बनाउने, धेरै मान्छे राख्ने हाम्रो फेरि यो आन्तरिक खर्च बढाएर हामी धेरै काम गर्न सक्दैनौं । आवश्यक संरचना निर्माण गर्ने, थोरै कर्मचारीले चलाउने, सक्षम कर्मचारी बनाउने भनेर त्यो अवधारणा बनाउनु पर्छ । तपाईंहरुलाई अहिले सजिलो के भएको होला भने धेरै ठाउँमा खानेपानी सबै ठाउँमा बनायौं, सबै सबै ठाउँमा कार्यालय स्थापना गरिसकेको छ अब हामी स्थापना गर्नु पर्ने नगरि नहुने कार्य के हो भने पर्यटनको कुनै न कुनै कार्यालय हुनुपर्‍यो तल, पर्यटनको कार्यक्रम तपाई कसरी कार्यान्वयन गर्नुहुन्छ? हामीले के भनेका थियौं ? यो जिल्ला घरेलु तथा साना उद्योग विकास समिति छ त्यसैमा एउटा शाखा राखेर पर्यटनको एक वा दुई जना मान्छे राखेर पर्यटन क्षेत्रको काम उद्योगले र पर्यटन आफै पनि उद्योग भएको हुनाले त्यही मार्फत गरेर त्यहाँ पनि एउटा शाखाको व्यवस्थापन गर्नु पर्‍यो, त्यसमा हाम्रो खर्च कति लाग्छ, जिल्लामा दुई वटा राख्यो भने २२ जना त बढ्ने भयो हाम्रो ।

त्यसको खर्च कति लाग्छ त्यसको कहाँबाट क्षतिपूर्ति गर्छौं र त्यसलाई कसरी व्यवस्थापन गर्छौं भन्ने पनि हुनु पर्‍यो । भूसंरक्षण अहिले ११ वटा जिल्लामा सकिदैन भने अहिले ७ वटा जिल्लामा स्थापना गरौं त्यसपछि अर्को जिल्लामा गरौंला भनेका थियौं हामीले त्यसो गर्दा पनि त्यो क्षेत्रमा धेरै काम हुन्थ्यो। धेरै राहतको कामहरु हुन्थ्यो, विपद् व्यवस्थापनको काम हुन्थ्यो तर एकदम धेरै प्रोवलम हुन्छ त्यसकारणले खर्च हुन्छ भनेर त्यहाँ खर्च नगर्ने बरु हामीले त १२ मन्त्रालयलाई भनेको होइन, मैले त १० वटै मन्त्रालय भनेका हौं । हामीले लामो समयसम्म छलफल चलाएर, स्टाफ कलेजसँग एग्रिमेन्ट गरेर उहाँहरुको सुझावमा धेरै प्रशासन विज्ञहरुको सुझावमा हामीले ९ वटा मन्त्रालय, मुख्यमन्त्रीको कार्यालय १ गरेर १० मन्त्रालय उपयुक्त छ भनेर खाली कामको समीक्षा हेरेर हेरफर मात्र गरेको हो ।

किनभने हाम्रो जुन खालको ७ वटा मन्त्रालय थियो ७ वटा मन्त्रालय यति अव्यावहारिक थियो उद्योग त्यही छ, पर्यटन त्यही छ, वन छ, त्यही वातावरण छ, अनि सचिव चाहि जहिले वन मन्त्रालय आउने अनि पर्यटन नचिन्ने, आपूर्ति, वाणिज्य केही पनि नचिन्ने भएको हुनाले जहिले पनि हाम्रो ३/३ वर्षको वार्षिक समीक्षामा हाम्रो के रिपोर्ट आएको थियो भने, हामीलाई आएको रिपोर्ट के थियो भने यो वार्षिक समीक्षा हेर्दाखेरि यो संरचनाहरु नभएको कारणले अब मनाङको मान्छे चाहि दुई लाखको खानेपानीको लागि गोरखा जानु पर्ने भयो किनभने जम्मा ४ वटा मात्रै थियो हाम्रो त्यसकारण त्यो सबै निर्माण गरिसकेपछि हामीले खर्च पनि एकदमै व्यवस्थित गर्नेगरि, कम खर्च हुने गरेर यो संरचनका कामहरु हामीले सम्पन्न गर्यौं भने, संरचनाहरु स्थापना गर्यौं भने के हुन्छ ? त्यसले राम्रो काम गर्न सक्छ, त्यसले पूँजीगत खर्च कार्यान्वयन हुन्छ, कार्यक्रमहरु कार्यान्वयन हुन सक्छ भनेर हामीले व्यवस्था गरेका थियौं र बिचमा हामीले के भनेका थियौं भने सामाजिक सेवा शाखाहरु पनि जिल्लाहरुमा हुनुपर्छ होला, किनभने यो जेष्ठ नागरिक, महिला, बालबालिका, दलित, के के आदि इत्यादि भन्छौ सामाजिक विषयसँग जोडिएका विषयहरु यसलाई हिजोको त्यो महिला विकास शाखा थियो, अहिले त्यो कुनै काम नभएको हुनाले बरु कर्मचारी

थोरै राखे, नमिरोल मात्रै राखे तर त्यो काम त्यहाँबाट हुनेगरि राखियो भने सुशासनमा महत्वपूर्ण भूमिका हुन्छ र जनताले सस्तोमा नजिकबाट आफ्नो सरकार पाउने बन्छ, त्यस्तो खालको कर्मचारीको व्यवस्थापन कसरी गर्ने ? कुन कुन संरचनाहरु आवश्यक छ ?

यसले गर्दा हाम्रो पूजीगत खर्चलाई कसरी अभिवृद्धि गर्ने ? यो काम धेरै देखिएन र अर्को कुरा, राजश्व हामी धेरै बढाउँन सक्छौं। अहिलेको परिस्थितिमा अघि मन्त्रीज्यूले भनेको जस्तै हो, केही समस्या हो तर राजश्वको क्षेत्रलाई अभिवृद्ध गर्न हामीले के के उपायहरु छन् भन्ने लाग्छ मलाई । ढुंगा, गिटी, बालुवालाई हामीले केन्द्रीय सरकारसँग समन्वय गरेर त्यसको कानूनलाई अलिकति मेनेजमेन्ट गरेर नियमित गर्ने हो, व्यवस्थित गर्ने हो भने ढुंगा, गिटी, बालुवाबाट हामीलाई ९/१० अरव आउँन सक्छ भन्ने रिपोर्ट मलाई दिएको थियो। ल दशै अरव नआए पनि ५ अरव आउला, ढुंगा, गिटी, बालुवाबाट ५ अरव आयो भने अरु ठाउँमा यातायातका कार्यालय व्यवस्थित गर्यो भने, अरु व्यवस्थित गर्यो भने धेरै हुन्छ।

हाम्रो यहाँको वनजंगल एउटा आम्दानीको श्रोत हुन सक्छ त्यसलाई ऐनमा व्यवस्थापन गर्नुपर्ने हुन्छ । त्यहाँ हरेक चिज उपभोक्ता समितिहरुले, सामुदायिक वन उपभोक्ता समितिले दिनु पर्ने जुन रकम हो त्यो सबै तल होइन कि १० प्रतिशत माथि प्रदेशमा, ५ प्रतिशत स्थानीय तहमा गर्यो भने त्यो धेरै नै व्यवहारिक किन देखिन्छ किनभने प्रत्येक जिल्ला वन डिभिजन कार्यालयहरु प्रदेश मातहत छन्। तिनीहरुको सबैको सहजीकरण गर्ने काम त्यही जिल्ला वन डिभिजन कार्यालयले डिएफओहरुले गर्ने हो। यो डिएफओ हाम्रो कर्मचारीले हाम्रो कार्यालयबाट गर्ने कामहरुको प्रतिफल हामीले पाउनु परेन ? त्यसमा केन्द्रसँग समन्वय गरेर त्यो चिज केही न केही सुधार गरियो भने त्यहाँबाट हामीलाई केही अरव रुपिया थपिन सक्छ, अनि उद्योग कार्यलाई व्यवस्थित गर्न सकियो भने त्यहाँ अलि धेरै थपिन सक्छ ।

पर्यटन क्षेत्रमा नेपाल सरकारसँग कुराकानी गरेर त्यसमा भोटेरलको वर्गिकरण गर्ने, ट्रावल एजेन्सीको वर्गिकरण गर्ने, स्टारवाला होटेलहरु अर्थात भनौं न फाइभ स्टार,

फोर स्टार, फाइव स्टार, थ्री स्टार, सम्मको होटेलहरु संघको मातहत रहने टु स्टारदेखि तलका रिसोर्टहरु प्रदेश सरकारको मातहतमा रहने हो भने पोखरामा मात्रै ३/४ अरव उठ्न सक्छ पर्यटन क्षेत्रबाट मात्रै । क्षेत्रहरु त्यहाँ छन् के हाम्रो कर उठ्न सक्ने। भोलि कामको संरचना गरेर यातायात कार्यालयलाई अझ व्यवस्थित गर्ने, केही इन्सेन्टिभ दिने उनीहरुलाई त्यसो गरियो र प्रदेशको यातायात कार्यालयलाई अरु चिज राम्रोसँग सञ्चालन गर्न सकियो भने त्यसबाट हाम्रो आम्दानी वृद्धि हुन सक्छ । त्यो आम्दानी वृद्धिको लागि हामीले मनाङ र मुस्ताङ बाहेक सबै ठाउँमा हामीले यसका सहजीकरणका कार्यालयहरु खोलेका कारणले त्यहाँबाट धेरै राजश्व उठेको भन्ने मलाई लाग्छ ।

नत्र पहिले यो पोखरामा मात्रै भएको एउटा कार्यालयले उठाउने गरेको थियो र पैसा त्यति उठ्ने थिएन होला त्यसकारण आफ्नो राजश्व वृद्धि कसरी गर्ने भन्ने कुरामा पनि केही महत्वपूर्ण कुरा हुन सक्छ । अघि मन्त्रीज्यूले भन्नुभएको छ एक्याप एम्क्याप लगायत र ढोरपाटन र चितवन नेशनल पार्कको हामीलाई केही लाग्दैन त्यो, त्यसको रोयल्टी मात्र हामीसँग आउने हो केही कुराहरु तर यो एक्याप र एम्क्याप आफै संरक्षित वनभित्र परेको हुनाले राष्ट्रिय वन नै हो एक खालको त्यो भएको हुनाले हाम्रो रिसोर्सेस भित्रको कुरा हो त्यो तर नेपाल सरकारले आनाकानी गरेर त्यसलाई राखिराखेको हुनाले त्यसलाई हामीले उनीहरुलाई नोमिनल केही कुराहरु बुझाएर बाँकी व्यवस्थापनको काम हामीले गर्ने स्थिति बनेर हामीले त्योबाट बनाउने स्थिति बन्यो भने यहीँबाट हामीले कमसे कम ४०/५० करोड राजश्व वृद्धि हुन सक्छ । अहिले पनि उनीहरुले २५/३० करोड राजश्व त्यसरी नै उठाएको छ ।

एनक्यापमा धेरै आम्दानी छैन, एक्यापमा धेरै आम्दानी छ, धेरै आम्दानी भएको हुनाले त्यो एनटीएसी चलाउने काम यसैले गरेको छ भन्ने बुझ्नु पर्छ हामीले त्यसकारण ती सबै चिज हामीले खोजियो भने त्यसले पनि धेरै योगदान दिन सक्छ भन्ने लाग्छ मलाई त्यसकारणले राजश्व वृद्धि गर्ने कुरामा हाम्रो ध्यान जाओस् । हामीले प्रशासनिक खर्च धान्न सक्ने स्थितिमा हामीले पुर्यायौं भने हामीले हाम्रो आवाज केन्द्रसँग पनि

बलियो हुन्छ। हामीले आफ्नो राजश्वका क्षेत्रहरु बढाएका छौं। आफ्नो राजश्वको प्रतिशत बढाएका छौं, हामीले प्रशासनिक खर्च धानेका छौं, अरु विकासका काम सबै हामीले यस्तो गर्नुपर्‍यो भन्यो भने हो भने त्यो थाहा हुन्छ । हामीले एउटा लविङ के गर्नुपर्‍यो अहिलेको जुन मापदण्ड बनाएको छ राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले भने त्यो मापदण्ड अपूरो छ, अधुरो छ, त्यो परम्परागत खालको मापदण्ड भयो भन्नुपर्छ हामीले त्यसकारण त्यो समानुदान/ अनुदान या विशेष अनुदान, समपूरक या सशर्त अनुदान जे जे कुरा छन् ।

या रोयल्टीको बाँडफाँड जे छ, राजश्वको बाँडफाँड जे छ, त्यसको प्रतिशत १५/१५ प्रतिशत हामीलाई दिएको छ हामीलाई ३० भइहाल्यो बाँकी उनीहरुले लिने जुन काम गरेको छ स्थानीय तह र हामी मिलेर त्यो कम छ भनेर हामीले धेरै पटक उठाएका छौं । त्यो राजश्वको हिस्सा हामीले बढी पाउनु पर्छ प्रदेशले भनेर हामीले धेरै पटक उठाएको फर्मरमा धेरै पटक भनेका छौं । म मुख्यमन्त्रीज्यूलाई ध्यानाकर्षण गर्न चाहन्छु भने यो फर्मर उठाइराख्यौं भने त्यो दिने हो, उठाएन भने दिने होइन, अझ घट्दै घटाउँदै ल्याउँछ होला त्यसकारणले यसमा पनि मेरो सुझावहरु राख्नको लागि मैले विशेष समय लिएर तपाईंहरुको सामु उभिएको हो । अब हाम्रो बजेटमा यस पटकको चालु र पूँजीगत खर्चको सन्तुलन साह्रै धेरै विकराल जस्तो देखिएन । त्यो व्यवस्थापन राम्रै जस्तो लाग्यो मलाई चाहि होइन।

हामीले पहिलो वर्ष २९ र ७१ प्रतिशत गरेका थियौं, दोस्रो वर्ष अलिकति घटेको थियो ३२ र त्यस्तै कति भएको थियो, तेस्रो वर्षमा हाम्रो अलिकति घटेको थियो यस्तै ६० को आपासमा थियो। ०६२/६३ मा ३७/३८ को हाराहारीमा होला। यसपटक उहाँले ६१. समथिंग अघि भन्नुभयो होइन ? त्यसको अनुपात पूँजीगत खर्च र चालु खर्चको अनुपात हामी जहिले पनि मिनिमम मेरो विचारमा सकिन्छ सेभेन्टी थर्टीको हाराहारीमा राख्ने सकिन्न भने कमसेकम ४० र ६० को बिचमा राख्ने प्रयत्न गरिएन भने बर्वाद हुन्छ किनभन अरु प्रदेशहरुले झण्डै झण्डै चालु र पूँजी बराबर नै थियो मधेशतिर एकपटक । अझ चालुको बढी राखेको थियो । कर्णालीको त्यही

हालत थियो,, सुदूरपश्चिमको त्यही हालत थियो, यहाँ २ वटा प्रदेशमा अलि ठिकठिकै थियो, लुम्बिनीमा पनि ठिकै थियो । हामी अलि बेसी थियौं यसमा ।

यो परम्परालाई वा अवस्थालाई हामीले कायम राख्यौं भने भने त्यो हाम्रो उत्पादनको क्षेत्रमा या व्यवसाय वृद्धि गर्ने क्षेत्रमा, रोजगारी सृजना गर्ने क्षेत्रमा हुनु पर्छ र फजुल खर्च गर्ने हटाउने र उत्पादनशील क्षेत्रमा उत्थानशील क्षेत्रमा धेरै लगानी गर्ने परिस्थिति हामीले बनाउँदै लग्यौं भने त्यसले हामीलाई योगदान दिन सक्छ भन्ने आधारमा पनि हामीले ध्यान दिनुपर्छ भन्ने मलाई लागेको हो त्यसकारण अब हामीले यो बजेट उत्पादनशील क्षेत्रमा हरिरहँदाखेरी फेरि हाम्रो सेवाहरुको क्षेत्र पनि छन्, सेवाको क्षेत्र हेर्दाखेरि हामीले ध्यान दिनु पर्ने कुरा के छ भने हाम्रो लक्ष्य के छ, हाम्रो उद्देश्य के छ भन्ने कुरामा ध्यान दिँदाखेरि के देखिन्छ भन्दा जसको वहुआयामिक गरीविको संख्या १४.२ प्रतिशत थियो २०७५ मा, त्यसपछाडि हामीले के भनेका थियौं भने दोस्रो वर्षमा हामी ०७७/०७८ मा आउँदा त्यसलाई झारेर ०७८ यो वर्ष हामीले ९ प्रतिशतमा झार्छौं भनेका थियौं र ५ वर्षको अन्तरालमा हामीले ७.३ मा झार्ने भनेको हो, ७.३ मा गरीवि निवारण गर्नको लागि हामीले गरीवि निवारणको उत्पादनको क्षेत्रमा, रोजगारीको क्षेत्रमा, त्यो क्षेत्रमा धेरै लगानी गर्नु पर्छ नि हामीले या त्यसमा हामीले नीजि लगानीलाई भित्र्याउने हो भने या त्यसलाई कसरी भित्र्याउने नीजि लगानीमा हामीले चालु खर्चमा गर्न ल्याउँदैनौं हामी नीजिकरणलाई विकास गरेर औद्योगिकरण विकासको गर्दै लैजानपर्‍यो लैजानुपर्‍यो।

हिजो उद्योगमन्त्रीज्यूले भन्दाखेरि अलि अलि व्यंग्य व्यंग्य जस्तो त्यो नचल्ने कुरा किन ल्याएको पहिलेको सरकारले भने जस्तो गरी उहाँले प्रस्तुत गर्नुभयो तर त्यो कुरा के थियो भने औद्योगिकीरण नभइकन कुनै मुलुक समृद्ध भएको इतिहास छैन। टेक्ने त कृषि बाटै हो। संमृद्धिको लागि औद्योगिकीकरणको जरुरी छ त्यसकारणले औद्योगिकीकरणको अभियान गण्डकी प्रदेशबाटै सुरु गर्नुपर्‍यो भनेर हामीले हामीसँग अहिले प्लानिङ्गले देखाएको कुरा के थियो भने साना साना उद्योगहरु कृषिमा आधारित, वनजंगलमा आधारित या सेवामा आधारित, या यहाँको प्राकृतिक श्रोतमा आधारित

साना साना उद्योगहरु यहाँ धेरै हुन सक्छ, ठूलो ठूलो उद्योग यहाँ चल्न सक्दैन ठूलो उद्योगहरु भनेको के हो भने  यहाँ चल्ने भनेको सिमेन्ट उद्योगहरु चल्न सक्छ किनभने हामीसँग खरीढुंगा धेरै छ, खरीढुंगाको चट्टान भएको ठाउँ धेरै छन् त्यसभएको हुनाले गण्डकी प्रदेशमा ठूलो उद्योगहरुमा सिमेन्टको उद्योगहरु चल्न सक्छ भन्ने कुरा हो हाम्रो प्रस्ताव त्यही छ ।

केही केही खानी / खनिजहरु छन्, फलामको खानी होला, तामाको खानी होला आदि इत्यादि  होइन त्यसलाई पनि गर्न सक्छौं, त्यसलाई पनि वर्गिकरण नगरेको हुनाले नेपाल सरकारको सहयोग विना हामी त्यो कामहरु गर्न सक्दैनौं त्यसकारणले धोवादीको खानी सम्बन्धी निर्णय गरेर उनीहरुले हामीहरुलाई ५% कि १०% दिने भनेर लेखेरै हामीले स्थानीय तहलाई ५% हामीलाई १० प्रतिशत त्यो बढाएर हामीले माग के गरेको हो भने हामीले कमसे कम २५ वर्षमा दिनुपर्छ भनेर क्याविनेटले कहीं फैसला होला हेर्नुहोला। त्यो देखिन्छ, त्यो गर्यो भने त्यो खानी, खनिजमा हामीले लगानी गर्यौं भने अरु म्यादीमा, पर्वतमा, मनाङमा, गोर्खामा धेरै देखिन्छ ती सबै चिजहरुलाई अगाडि बढाउने स्थिति बन्यो भने हाम्रो समृद्धिको आधार या उद्योगको संचालनमा ध्याने दिने यो महत्वपूर्णको पाटो हुन सक्छ, तर गण्डकीमा साना उद्योगहरुको कुरा पनि असाध्यै धेरै छ, ठूलो उद्योग एउटा पनि छैन ।

यहाँ हामीले ल्याउन सक्ने उद्योगको कुरा के छ भने फर्मास्युटिल उद्योगहरु यहाँ खोल्न सकिन्छ । हामीसँग  औद्योगिक क्षेत्रै छैन, सिंगो जमिन दिनै सक्दैनौं, हामीले बिजुली पुर्याउन सकेका छैनौं, बाटो पुर्‍याउन सकेका छैन त्यसकारण बाटोको हामीले कोत्रेमा पनि पूरा गर्न सकेका छैनौं, उता पूर्णिटारमा पूरा भयो भने हामीले त्यहाँ ल्याउन सक्ने स्थिति बन्यो भने औद्योगिकीकरणको ढोका खोल्न सक्छ  ८५ वटा पालिकामा स्टडी गरेर के भन्यो भने १६ वटा पालिकामा अब १० वर्षसम्म यो औद्योगिक उद्योगग्राम खोल्न सक्ने कुनै सम्भावनै छ । जहाँ २—३ सय जनसंख्या छ । त्यहाँ कसरी उद्योग खोल्न सकिन्छ ? अरु कुनै श्रोत साधन पनि छैन। त्यसकारण १६ वटामा छैन, बाँकी अरु १५ वटामा त्यस्तो के भने, अहिले यो १०

वर्षभित्र हुन सक्छ, ५ वर्ष पछि हुन सक्छ अहिले सकिदैन भन्यौं, ५१ मा सकिन्छ भनेर पेश गरेको रिपोर्टमा ५१ वटा पालिकामा यो सबै मापदण्ड निर्धारण गरेर, जग्गा जमिनको प्राप्ति कसरी गर्ने ?

त्यति अहिले उपलब्ध गराऔं त्यति भएपछि सहयोग गर्छौं भनेको हुनाले त्यहाँबाट गर्दाखेरि कमसे कम नेपालमा बढीमा ४० होला जस्तो लाग्छ मलाई, त्यसमा २४ वटा गण्डकी प्रदेशमा मात्रै छ उद्योगग्राम स्वीकृत भएर आएको । त्यसमा हामीले पैसा हाल्नु पर्‍यो, केमा हाल्नुपर्‍यो केमा हाल्नु पर्‍यो भने पूर्वाधार विकासमा हाल्नुपर्‍यो त्यहाँ बिजुली चाहियो, बाटोहरु चाहियो, ढलहरु बनाउनुपर्ने काम होला। जहाँ उद्योग हुन्छ त्यहाँ पानी चाहियो चाहियो त्यहाँ बिजुली चाहियो चाहियो। त्यहाँ बाटो चाहियो चाहियो।पुलिस चाहिएन त्यहाँ हामीले प्रहरीचौकी राख्नु पर्ने स्थिति आउँछ, सेक्युरिटीको कुरा पनि छ, त्यो सबै चिजहरु छ, त्यहाँ सबै कुरा हुन्छ तयसकारणले गर्दाखेरि त्यसमा लगानी गरेको देखिएन, यसमा लगानी गरेको भए त्यसमा एउटा प्रतिफल आउँथ्यो यो गाउँ गाउँमा उद्योगहरु खोलेको भए के हुन्थ्यो त्यहाँ ? गाउँ गाउँमा उद्योगग्रामहरु हुन्थ्यो, रोजगारीको श्रृजना हुन्थ्यो, लगानी बढ्दै जान्थ्यो, जिडिपि हाम्रो पनि बढ्दै जान्थ्यो अनि गरीबि निवारणमा पनि त्यसले योगदान दिन सक्थ्यो, उत्पादन उत्पादकत्व बढ्ने काम पनि त्यसले योगदान दिन सक्थ्यो त्यसकारण त्यसतर्फ हाम्रो बजेट देखिएन त्यसकारण मैले भनेको के उद्योगग्राम कसरी गर्ने हो भन्ने कुरामा अर्थ मन्त्रालयको ध्यान जानुपर्ने, मुख्यमन्त्रीको ध्यान जानु पर्ने देखिन्छ ।

हामीले के भनेका थियौं भने यो होमस्टे कुनै खेलाचींको कुरा थिएन यो। मलाई लाग्छ होमस्टे चलेको ठाउँमा धेरै समृद्धि हासिल भइसक्यो । उदाहरणको लागि घलेगाउँमा आजको दिनमा होमस्टेबाट स्मार्ट भिलेज बनायौं, सबै वाइफाई घरघरमा आउने बनायो, सबै एउटै रंगको होमहरु बनायो, के के पूर्वाधारहरु बनायो। अब हामी सुखी भिलेज बनाउँछौं भनेर लागेका छन्। त्यो एउटा गाउँ मात्र भएर भएन। त्यो त एउटा मोडल हो नि त्यसको बाछिटा अन्त अन्त पनि जानुपर्‍यो भुजुङमा

जानपऱ्यो तल वाग्लुङ, मालिङमा, अरु जिल्लामा सर्नुपऱ्यो त्यो गर्ने कुरामा पहिलो वर्षमा जाँदाखेरि हामीले भन्नुपर्छ, धेरै ठाउँमा उहाँले हिजो भनेको एउटा सत्य कुरा के हो भने, उहाँकै वाग्लुङ जिल्लामा हाम्रा अरु कार्यालय थिएन, आफ्नो कार्यालय नहुँदा डिभिजन वन कार्यालयमा ईन्जिनियर हुन्छ भनेर वन कार्यालयको डिफओलाई गर्न दिएपछि हाम्रो केही नभएको कारणले डिफओ साह◌ेवले घरमा बसेर सिग्नेचर गर्नुहुन्छ।

हामीले केही कार्यालय नभएको हुनाले दिएको व्यक्तिले दिएजस्तो भनेर घरमा बसेर अब व्यकितको घरमा बनेको ट्वाइलेटहरु, व्यक्तिको घरमा बनेको जस्तो त्यति संयन्त्र त्यसकारण त्यो पहिलो वर्षबाट जोड्दा हामीले फेरी अर्को अध्ययन गर्न पठाएर त्यसलाई कसरी रोक्ने भनेर एउटा मापदण्ड, कानुन बनाएर जानुपऱ्यो भनेर त्यसको कार्यविधि पनि बनाएका छौंनि । यो कार्यविधि व्यवस्थापन गरेर ३०६ वटामा कहाँ कहाँ चलेन, नचल्ने ठाउँमा विस्थापित गर्दै जाने र चलिरहेको ठाउँमा अलिकति प्रोत्साहन गरेर सुदृढीकरण गर्दै लैज◌ानु पर्छ, अलि व्यवस्थित गरेर लैजाने काम अहिलेको सरकारको काम हो नि । व्यवस्थित गरेर लैजानुभयो भयो ग्रामिण उत्पादन र उत्पादकत्व वृद्धि गर्दो रहेछ भन्ने हाम्रो अनुभव । अब अलिकती कन्जरभेसनको काममा पनि त्यसले योगदान दिदो◌ँरहेछ, सरसफाई वृद्धि पनि हुँदो रहेछ । महिलाहरु, महिलाहरुको सशक्तिकरण भनेको एउटा होमस्टे महत्वपूर्ण माध्यम हो भन्ने कुरा पनि बुझ्नुपर्छ तपाईंहरुले । किनभने होमस्टे पुरुषले चलाएको छैन। होमस्टे त होम मिनिष्टरले नै चलाएको छ हरेक घरमा ।

होमस्टेको थैली आज पैसाले भरिएको छ, काउलेबारीमा जानुहोस् लमजुङको, घलेबारीमा जानुहोस् उता नवलपुरको अमलटारी जानुहोस्, उता स्याङ्जाको सिरुवारी जानुहोस् , अरु अरु ठाउँको नाम नचलेको हुनाले भन्न सकिन◌ँ, यहाँको तारावाङ पनि जानुहोस् कास्कीको जानुहोस्, त्यहाँका महिलाहरुले पर्याप्त आम्दानी गरेका छन्, उनीहरुका थैली कमसेकम ४/५ लाख वर्षमा कमाएको होला, १०/१२ लाख पनि कमाएको होला नभए महिनाको ३०/४० हजार हरेकले कमाएका छन् । उनीहरुको थैलीमा छ हरेकको बैङ्क खाता स्थापना भएको छ अब। लाख त बैंकमा जम्म गरेका छन् । सम्पत्तिको मालिक भएपछि त्यसै त उनीहरु बलिया भएका भए त्यसकारण

त्यो काम महिला सशक्तिकरण पनि हुँदोरहेछ होमस्टेबाट नि त भन्ने कुरा पनि हामीले स्टाविलिस गर्यौं । यो विकास गर्ने कुरा पनि यसबाट देखिएन, हामी कहाँ कहाँ यो ट्रेकिङ यो सानो पाटो हो।

टूरिजम सेक्टरको सानो डाइमेन्सन मात्रै हो त्यो। ट्रेकिङ गर्दा विदेशी आउने हो, हाम्रो नेपालीहरुको बानी अहिले पनि छैन, त्यसकारण यो सबै चिज हो । हामीले कृषिको धेरै कुरा गरेका छौं, कृषिको यो पुरानो मोडेल फेल भएको मोडेल हो, पुरानो स्वास्थ्य नीति, पुरानो कृषि नीति सब फेल हो त्यसैले हामीले नयाँ ढंगले सोच्नु पर्‍यो भनेर हामीले कृषिमा के गरेको यो जलवायु परिवर्तनको कारणले यस्तो समस्या भइरहेको आज त्यसैले त्यसलाई अनुकरण प्राप्त हुने गरेर कसरी उत्पादन बढाउने भनेर त्यो विधि, प्रविधि हामीले इन्टरड्युस गरेको हो । हाइटेकमा लैजाने हुँदै इन्टेक गरेको हो । त्यसको व्यवस्था भनेको मलाई चित्त नबुझेर २ वर्षसम्म हामीले कराइरहेका थियौं । हाम्रो कर्मचारीलाई हामीले एकजुट गर्न सकेनौं । हाम्रो उद्देश्य अनुसार त्यसलाई व्यवस्थित गर्नुपर्छ, त्यसलाई व्यवस्थित गर्यो भने धेरै जनाले मन पराएको थियो त्यो रुपमा । मुख्यमन्त्री जलवायुमैत्री, कृषि गाउँहरुलाई मैले यो मुख्यमन्त्री शब्द नगरौं भन्दा हाम्रा विज्ञहरुले यो कार्यक्रमको थस देखाउनका लागि मुख्यमन््त्री हुनुपर्छ भनेर यो माथिको नक्कल नगरौं न भनेको मैले मान्नुभएन ।

अब मुख्यमन्त्री पहिले पो म थिएँ, अहिले त कृष्णचन्द्रजी हुनुहुन्छ। यो सरकारले बनाएको त त्यही मुख्यमन्त्रीको नाउँको हो त्यसकारणले यो त नामको कारणले पूर्वाग्राह राख्ने भन्दा पनि यसलाई व्यवस्थित गर्न सकियो भने प्रोडक्सन र प्रोडक्टिभिटी एग्रिकल्चरमा बढ्छ अनि त्यसले सरकारीको पनि प्रवर्धन गर्छ किनभने हामीले ५०/५० जनाको ग्रुप बनाउने हाम्रो कन्सेप्ट थियो शुरुमा । ५० जना किसान एकै ठाउँमा आवद्ध भयो भने ती किसानहरु कमसेकम स्वरोजगार प्राप्त गर्छ नि एउटा म्यासेजमा लैजानु पर्‍यो हामीले, एउटा मेकानिक स्टिमेटमा लैजानु पर्‍यो उनीहरुलाई व्यवसायिकीकरणमा लैजानपर्‍यो। उनीहरुको मार्केटको ग्यारेण्टी गराइदिने काम हाम्रो पहल हुनुपर्‍यो । त्यसो भएको हुनाले तिनीहरुले ठूलो ठूलो, हामीले एउटा निर्वाचन क्षेत्रमा एउटा मात्र भनेको हो पहिला। अहिले त ८५ वटा पालिकामा हामीले लगेका छौं । अहिले ८७ वटा जिल्लामा के भयो त्यो थाहा छैन, त्यो गरेर

हामीले अब  भएको सबै गाउँमा पनि एक/ एक गरेर जाँदा, कृषिमा  अगाडि छ त्यो लैजाँदा खेरि कृषिमा एउटा क्रान्ति हुन्छ भन्ने  हाम्रो परिकल्पना थियो त्यसको माध्यमबाट।

मोडेल फार्मको कन्सेप्ट  हामीले भन्दा यो सिधै अनुदान दिने भन्दा पनि उत्पादनमा आधारित अनुदान दिंदा त्यो त्यो ठिक हुन्छ । अनुदान खानको लागि संस्था बनाइदिने, अनुदान खान त्यस्तो देखियो हामीले भोगेको कुरा। त्यस्तो कुराबाट अहिलेको सरकार प्रताडित हुनुभएन नि, पीडित हुनुभएन नि। हिजो हामीले देखेको कमजोरी हटाएर अहिलेको सरकार जाँदा राम्रो हुन्छ, त्यो मैले तपाईंहरुलाई कुनै उपदेश दिएको होइन कि एउटा सुझाव दिएको हो । यसरी हाम्रो पालामा कमजोरी यो भएको थियो यसलाई हटाएर यसरी गयो भने दिन सक्छ गण्डकी प्रदेश सरकारलाई भनेर  हामीले भन्न खोजेको हो । यसमा पनि मैले बारम्वार यो पुरानोलाई जोडेर लैजानु पर्छ भनेर किन जोड्या भने हो नि, यस्तो  नजोडिदिदा फेरि नयाँ कार्यक्रम सुरु हुँदाखेरि बनाएर, त्यसलाई चटक्क छोडेर जाँदा के हुन्छ भने हाम्रो जुन रुपमा उत्पादनमा वृद्धि हुँदै हुँदै जानुपर्ने हो, आर्थिक वृद्धि हुँदै जानु पर्ने सायद त्यो भएको छैन । मैले खाली कृषिको भनेको छु, पर्यटन उद्योगको पनि थोरै कुरा गरें । त्यसकारणले अब स्वास्थ्यको कुरा के छ ?

स्वास्थ्यको कुरा त हामीले सोचेको कुरा के थियो भने गण्डकी प्रदेशले वास्तवमा चमत्कार गरेको थियो। हाम्रो प्रयत्न सानो थियो तर केही नभएको ठाउँमा त्यो सानो पनि धेरै चमत्कार हुँदोरहेछ भन्ने लाग्यो । हाम्रो गण्डकी प्रदेशको सबै जिल्ला अस्पतालहरुमा हामीले अघिल्लो वर्षै ०७५ सालमा केही न केही अक्सिसजन चाहिन्छ भनेर प्लान गरौं भनेर गरेका कारणले गर्दा, धनगढीका मान्छे यहाँ आए अक्सिजन पाइन्छ भनेर, झापाका मान्छे यहाँ आए अक्सिसजन पाइन्छ भनेर । यहाँ सजिलैसँग सिट पाइन्छ भनेर । हामीले धेरै मान्छेलाई निको गरेर पठायो । यहाँ प्राइभेट भएको ठाउँमा कति धेरै खर्च गर्यो उनीहरुले ? यद्यपि खर्च धेरै सरकारले व्यहोरेको थियो तर पनि त्यस्तो सरकारले रकमको दुरुपयोग त्यो ठाउँमा भएको थियो । अहिले हामीले के भनेकँ छौं भने जिल्ला अस्पतालहरुको सुदृढीकरण एउटा हाम्रो

अभियान छ, त्यो अभियानमा तपाईंहरु संलग्न हुनुहोस्, जनशक्तिलाई अलि व्यवस्थँफद्द गर्नुपर्‍यो इकुप्मेन्ट राम्रो छैन भने इकुप्मेन्ट ल्याउनुपर्‍यो ।

हामी प्रत्येक जेनेरली मनाङ र मुस्ताङका २५/२५ को शैया भन्ने किनभने २५ शैया तलको सबै प्रदेशको १५ शैयादेखि तल पालिकाको हुन्छ । बिचको २५ शैया देखि २०० शैया सम्मको गण्डकी प्रदेशले चलाउन सक्छ, प्राइभेट सबै नियमन, अनुगमन गर्ने अधिकार उसैको हो । यसमा अलि प्रतिष्ठित निर्णय स्वास्थ्य मन्त्रालयले गर्दैको छ नि, यसलाई समातेर हामी अगाडि बढ्न सक्न पर्‍यो। जिल्ला अस्पतालको एउटा मोडालिटी बनाऔं भनेको, अब यो डब्लु एचओको मोडालिटी हामीले गर्न सक्दैनौं । एउटा जिल्ला अस्पताल चलाउन अरवौ खर्च हुन्छ, त्यो सम्भव भएन, अलि अलि राम्रो विशिष्ट खालको जिल्ला अस्पताल कस्तो हुन्छ ? त्यसको क्वालिटी के हो हुन्छ ? जनशक्तिको व्यवस्थापन कसरी गरेको छ, कति जना चाहिन्छ ? त्यस्तो अस्पताल बनाऔं भनेको हो । त्यसो हुँदा हाम्रो स्वास्थ्य बिमा प्रभावकारी रुपमा लागू हुन्छ त्यहाँ । स्वास्थ्य बिमाको ३५०० बनाइदिएर के गर्ने हामीले बनाइदिएर के गर्ने त्यो कार्ड लिएर जुन अस्पताल गए पनि डाक्टर पनि छैन, औषधी पनि छैन नर्स पनि छैन, केही पनि छैन। अनि फेरि त्यो प्राइभेटमा जान पर्ने हुन्छ ।

उसलाई प्रेसक्रिप्सन नगरिदिंदा अर्कैमा जानु पर्छ जहाँ उसलाई राम्रोसँग रेस्पोन्स नै गर्दैन, यस्तो परिस्थिति छ त्यसकारण जिल्ला अस्पताल भवन चाहिएको ठाउँमा भवन बनाउने अस्पताल क्वाटर बनाइदिने। एउटा गाडी छैन डक्टर, नर्सलाई एउटा गाडी उपलव्ध गराइदिनु पर्‍यो । अनि हाम्रो व्यवस्थापन समितिमा आफै गर्न खोज्छन्, जसको धेरै काम छैन उही आफै चढ्न खोज्छन् । त्यसकारण उनीहरुलाई श्रोत र साधन उपलव्ध गराइदिनुपर्‍यो । हरेक अस्पतालमा क्वालिफाइड एउटा राम्रो खालको एम्बुलेन्स राख्नु पर्छ भनेर हामीले भनेकै छौं । यो जिल्ला अस्पताल कस्तो बनाउने भन्ने सोच्छौ। हाम्रो सरुवा रोग अस्पताललाई कस्तो बनाउने भनेर यसलाई कसरी व्यवस्थित गर्ने भन्ने सोच्छौं यसमा पनि शिक्षा मन्त्रीज्यूको ध्यानाकर्षण गर्न खोजेको। गण्डकी विश्वविद्यालय अन्तर्गत शिक्षण अस्पताल सञ्चालन गर्ने गरेर यो हाम्रो मुख्यमन्त्रीज्यूको पनि ध्यानाकर्षण गरेको यो हाम्रो जुन सरुवा रोग अस्पताल

छ, त्यो अब १०० बेड सम्मको भयो भने एमबिबिएस बाहेकको अरु कोर्ष त्यही संचालन हुन सक्छ ।

त्यसो भयो भने एउटा रिपोर्टले के देखाएको थियो भने भने ३५० शैयाको टिचीङ्ग अस्पताल सञ्चालन गऱ्यो प्रदेशले संचालन गर्यो भने गण्डकी युनिभर्सिटी अन्तर्गत गऱ्यो भने त्यसले १ वर्षमा ८९ करोड ९० करोड आम्दानी गर्छ, ४० करोड त्यही खर्च हुन्छ, ५० करोड नेट आम्दानी गर्छ १ वर्षमा । त्यो ५० करोडले गण्डकी युनिभर्सिटी चल्छ। त्यो अस्पताल चल्छ या अरु अस्पताल चलाउने आम्दानी आउँछ त्यसकारणले त्यो काममा हामी चाँडो भन्दा चाँडो आउनुपऱ्यो यहाँ त्यस्तो पनि देखिदैन । मैले त कहीँ कुनै हाम्रो उत्पादनसँग नजोडेको, हाम्रो औषत आयु कति पुऱ्याउने भनेका थियौं यहाँ । त्यसबाट योगदान हुने ढङ्गले बजेट कही बिनियोजन भएको देखिदैन । हामीले औषत आयु यसपटक ७७ वर्ष पुर्याउने हो। पहिले त्यसको तथ्याङ्क लिनुपऱ्यो । अहिले बालमृत्यु दर कति छ अहिले हाम्रो ५ वर्ष मुनिको प्रति हजारमा अहिले २४ छ हामीले २३ पुऱ्याउने भनेका छौं, त्यो बेलामा हामी सरकारमा आउँदा २७ थियो। त्यो २३ पुऱ्याउने कुरा धेरै गारो छ जे भए पनि। त्यस्तै प्रकारले शिशु मृत्युदर १९ जनामा झार्नुपर्छ हजारमा । नवजात शिशुको मृत्युदर १२ जना झार्नुपर्छ हजार जनामा। अब त्यो काम न हाम्रो १ विद्यालय १ नर्स कुनै साईनो सम्बन्ध देखिदैन त्यो कन्टिभेसन दिने कुरामा।

जिल्ला अस्पतालहरु राम्रो गर्नुहुन्न अनि जिल्ला स्वास्थ्य अस्पतालहरुको कहीँ केही धेरै केही भूमिकै देखिदैन । त्यसमा धेरै भूमिका किन छ भने हामीले अस्पताल अस्पताल भनिरहँदाखेरि जनस्वास्थ्यको काममा ओझेलमा परेको रहेछ, यो विचमा परिवर्तन भयो संक्रमण काल भयो । कार्यकालको दोस्रो वर्षको हाम्रो समीक्षा के थियो भने जनस्वास्थ्य हाम्रो काम कमजोर भयो भन्ने देखिएको थियो त्यो भनेको जिल्ला स्वास्थ्यको काम कमजोर भयो भनेको थियो । यो चाहि तपाईको शिशु बच्चाहरुलाई उमेरमा टिका लगाइदिने काम, पहिला १०० प्रतिशतले टीका लायो पूर्ण खोप प्राप्त प्रदेशबाट घोषणा गरेको मैले ०७५ साल मा, ०७६ बाट आएर त्यो मूल्याङ्कन गर्दाखेरि घटेर ८५ मा झरेछ किन, कसरी ? हाम्रो तलको संस्थाहरुले काम गरेन, हाम्रो तलको पालिकाहरुसँग मिलेर काम गर्न सकेनौं भनेर देखाउँछ

त्यसले। हाम्रो संरचना व्यवस्थित भएन भन्ने देखाउँछ त्यसले। त्यसले गर्दा यो विरामीको स्थिति के छ, दादुराको बिरामी के छ, हात्तीपाईले विरामी के छ, यो रोग हामीमा छदैछ अनि हेपाटाइटिस रोग कति छ ?

१३ हजार टिभीको रोगी भएकोमा गण्डकी प्रदेशले ४ हजारको मात्र गरेको छ, ९ हजारको बाँकी छ तीकहाँ छन् खोजेर ल्याउनु परेयो । तिनीहरुलाई नबचाईकन ७७ वर्ष आयु कहाँबाट पुग्छ? हाम्रो यो जनस्वास्थ्यको काम कहाँबाट पूरा हुन्छ ? त्यसको कहीं पनि देखिदैन । त्यसको कुनै महत्व नै देखिएको छैन, त्यस्तो किन भएको हो ? त्यो एउटा क्षेत्र हो अनि जिल्लाको ३ वटा अस्पताल छ आयुवेर्द छ, जनस्वास्थ्य जनस्वास्थ्य कार्यालय अनि अस्पताल छ तिनलाई समन्वय गरेर कोर्डिनेसन गर्ने हाम्रो पोलिसी हुनुपर्‍यो। सबै कामहरुको व्यवस्थापन गर्ने काम भएन । विद्युतमा पहुँचको वृद्धि गर्ने कुरा अझै विश्वसनिय भरपर्दो भन्छ यस बिजुली भनेको, भरपर्दो विजुली उत्पादन हुनुपर्छ सबै जनतालाई भन्छ । हाम्रो प्रथम पञ्चवर्षिय योजनाले के भन्छ ? भरसकै जनतालाई हामीले के भनेका थियौं अब गत वर्षमा नै १०० प्रतिशत घरमा बिजुली पुर्‍याउने भन्ने हाम्रो अभियान हो नि। अनि भरपर्दो भन्नाले के हुन्छ ? काठेपुल विस्थापित गर्ने भनेको होइन, काठेपुल त्यसै विस्थापित गर्ने भनेको होइन। काठेपुलमा हुँदाखेरि भरपर्दो बिजुलीको सप्लाई भएन भनेको हो अनि धेरै ठाउँमा थ्री फेजको बिजुली नै हुँदोरहेनछ त्यसले गर्दा गाउँमा सानो फर्निचर उद्योग, सानो राईस मिल चलाउँछु भन्दा पनि नपाउने रहेछ।

भरपर्दो भएन त्यो, झिप झिप हुन्छ फेरि त्यो आँखा मात्रै झिम्काइरहन्छ बिजुलीले त्यस्तो चाहि चाहिएन। भरपर्दो भएन त्यो। एकदमै भरपर्दो बार्‍है महिना चल्ने भरपर्दो बिजुली घर घरमा पुर्‍याउने भन्ने अभियान हो। त्यो अभियानमा अघिको ऊर्जा मन्त्रीले के के कुरा भन्नुभयो, रकम पनि केही न केही छुट्याएको छ तर यो वर्ष त हामीले सक्नु पर्ने हो, सकेर घर घरमा पुर्‍याइसकेर पाँच लाख अठहत्तर हजार घरधुरी छन् करिव। त्यति घरमा पुर्‍याइसकेपछि बल्ल अझ भरपर्दो काठको पुल ७७ हजार थियो हामी हुँदाखेरि हामी हुँदाखेरि अहिले के छ थाहा छैन । हामीले करिव ३० हजार जति गर्‍याथ्यौं। त्यो त हरेक वर्ष यति हजार फेर्ने, रिप्लेस गर्ने नभनिकन कसरी बन्छ ? ५ वर्ष भित्र ७७ हजार काठेपुल फेरिसक्ने भनेका थियौं, भरपर्दो

बनाउनलाई, व्यवस्थित बनाउनलाई भनेका थियौं । त्यसमा हाम्रो योजना देखिँदैन भनेको।

हाम्रो योजना बजेट व्यवस्थित हुन पऱ्थ्यो भनेको। अब आधारभूत खानेपानी पुऱ्याउने भनेर हामी लागेका लाग्यै छौं। आधारभूत खानेपानी पुग्ने जनसंख्या यसपटक ९६ प्रतिशत जनताको घरमा आधारभूत खानेपानी पुर्याउने भन्ने लक्ष्य हो हाम्रो त्यसरकारणले यो घर/घरमा पुऱ्याउने भनेको त १ घर १ धारा होला। आधारभूत खानेपानी पुऱ्याउने भनेको टोल टोलमा एउटा धारा आधारभूत खानेपानी त पुग्यो। आधारभूत खानेपानी त यहाँ मुख्यमन्त्रीज्यूकै जिल्लामा बुलिङटार, बौदीकाली माथि पहाडी गाउँमा कहीँ पनि पानी छैन, त्यहाँ कालीगण्डकीको किनार किनारमा पानीको श्रोत नभएर त्यहाँ छैन । त्यहाँ १३० वटा आधारभूत खानेपानी योजना चलिरहेको छ, त्यो यस पटक सकिनु पर्ने हो, सकियो कि सकिएन त्यसकारण समीक्षा आएन त्यो आउनु पऱ्थ्यो भनेको हो अनि पानी सबैको घर घर घरमा पुऱ्याउने, बिजुली घर घरमा पुऱ्याउने, अब आउने गाउँ गाउँमा बाटो पुऱ्याउने, अनि पालिका पालिकामा चेक पोष्ट हुने, बैंकहरु हुने अनि गाउँमै मान्छेले उत्पादन गरेका चिजहरु बजारमा लैजाँदा बाटो हुने भए त माइग्रेसनको पनि धेरै कम हुन्छ होला नि त ।

हामीले सबैले खोजेको कुरा त त्यही होला त्यसतिर हाम्रो बजेट कता अल्मलियो, अल्मिलियो भन्ने जस्तो लाग्छ मलाई। धेरै कनिका छरेर बिजोग पाऱ्यो भनेको मैले त्यसकारणले अब यो सबै कुरा मैले गरिरहनु नपर्ला अब छोटो मैले एउटा सुझाव के दिन्छु भने मन्त्रालयको संख्या ९ वटा हो हाम्रो । व्यवस्थित गर्नु जरुरी थियो मैले व्यवस्थित गरेको सकिन्जेल सम्म। मेरो सुझाव के छ भने आन्तरिक मामिला मान्त्रालय, प्रदेश मामिला मन्त्रालय यिनीहरु अलग्गै मन्त्रालय दैन, त्यो मुख्यमन्त्री कार्यलय अन्तर्गतै रहनु पर्छ । संघीय शासन प्रणाली लागू भएको धेरै देशमा मुख्यमन्त्रीको नै छ। सिडियो पनि आन्तरिक मन्त्रालयको मन्त्री पनि सह–सचिव हुन्छ, सिडियोहरु सिनियर मान्छेहरु सिडियो भएर आइरहेको हुन्छ, अनि हाम्रो सचिवलाई त्यो सिडियोले टेर्दैन। सिडियोसँग सम्झौता गर्न पऱ्यो हामीले त्यसकारणले आन्तरिक मामिला मन्त्रालयलाई मुख्यमन्त्री कार्यालयमा राख्ने भनेको हो मैले। प्रदेश

मामिला पनि त्यही राख्दा हुन्छ सबै काम गर्ने त्यही मन्त्रालयले हो  अनि खेलकुद र युवालाई उसमा जोड्दा हुन्छ ।

अहिले हामीले व्यक्तिको मेनेजमेन्ट गर्नलाई अहिले हामीले अलग अलग मन्त्रालय बनाएका छौं, बजेट पनि दिन सकेका छैनौं हामीले । सांस्कृतिक पर्यटन उद्योग र अपूर्ति पनि त्यहीमा मिलाए हुन्छ । अनि के के कुरा मिलाएर हामीले  मन्त्रालयहरु व्यवस्थित खालको बनाउने, मन्त्रालय थोरै भए थोरै भएसी तिमीले किन २८ वटा बनाएको १२ वटामा झार भन्न पाइन्छ माथि अनि त्यस्तो गरियो भने हाम्रो सुशासन प्रत्याभूत हुने ढंगले हामी काम गर्न सक्छौं । मन्त्रीहरुले पनि पर्याप्त काम पाउनु हुन्छ अनि उसको साथ काम गर्ने परिस्थिति बन्छ  त्यसकारणले यो सबै कुराहरु यहाँहरु समक्ष राखेर अब मसँग आज २ जना मन्त्रीज्यूहरुले बजेट विनियोजन माथि उत्तर दिनुहोला भनेको उहाँले धेरै  अरु  अरु भाषण गर्नुभयो । हाम्रो जीवन माननीयले भावनाको कुरा धेरै गर्नु भयो । यसले के भन्छ भने, भावनाले  राज्य चल्दैन, राज्य चलाउने ठोस अठोटले हो, नीतिले हो कार्यक्रमले हो ।

भावना पनि कहीँ न कहीँ छेउकुनामा  त्यसलाई हामीले मेनेज गर्नु पर्छ, एडेप्ट गर्नु पर्छ त्यो बेग्लै कुरा हो, तर मुख्य कुरा हाम्रो नीतिले, विचारले, सोचले, कार्यक्रमले हामीले सरकार चलाउने होईन, त्यसो हुँदा तपाईंहरु भावनामा डुवेर  यो सहीद माथिको अपमान किन गर्ने  भनेर सकैले बोल्यो भने। मैले अघि नै भनें त्यो फेरि धेरै गरिरहँदा जो चोर उसैको ठूलो स्वर भनेरकसैले भन्दियो भने हामीले के गर्छौं? त्यो भन्ने सम्भावना त छदैछ त्यसकारण अहिले जे भएको छ नकराइकन बस्दा उपयुक्त हुन्छ तर हाम्रो यो डुवेको शाख जोगाउनको लागि हामीले सहिदको अपमान गरेको होइन तर जुन ढंगले मन्त्रीहरुको परिवार परिवारसँग, सांसदको परिवार परिवारसँग जोडिएर आएको हुनाले त्यसमा विरोध हो भन्ने  कुरा बुझ्नुपर्छ हामीले एउटा कुरा होइन अनि दोश्रो कुरा अब यहाँ मन्त्रीज्यूहरुले धेरै कुरा भन्नुभयो, एउटा मात्र सानो टिपोट हेरेको मैले सुरुमा भनेको थिएँ एक्सन एन्ड एक्सन वोर्क डुविङ थाउजेन वर्ड भन्छ हजार वटा शब्द भन्दा  एउटा  काम  चाहि काफी ।

यहाँ धेरै कुराहरु भन्नुभयो तपाईंहरुले। यो अनुसूची १ हेरेको मैले ऊर्जा, जलश्रोत खानेपानी मन्त्रालय अन्तर्गत रहेछ त्यहाँ संयोगले के परेको हो भने ६/७ वटा छ त्यो सबै मन्त्रीज्यूको जिल्लामा पर्छ, त्यो कसरी समावेशी भयो ? त्यो कसरी सन्तुलित भयो ? त्यसको समस्या सबै जिल्लामा छन् । अनि भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयको हेरेको १८ वटा योजना पोखरा १६ मा मात्रै छ । ४८ वटा योजना मध्ये १८ वटा मैले जिल्ला जिल्लाको हेरेको छैन । अरु फुटकर मात्रै हेरको । जिल्लाको मर्मत सम्भारमा राख्नु भएको छ त्यो राम्रो कुरा हो, हामी धेरै समस्यामा छौ अहिले। त्यो ठिक भए भने त्यो ४८ मध्ये १८ पोखरा—१६ मा छ, ३७ वटा पोखरा महानगरमा मा मात्रै छ त्यो अनुसूची हेर्ने हो भने त गण्डकी प्रदेश सरकार पोखरा महानगरको सरकार हो कि, पोखरा—१६ को सरकार हो भन्ने कुरा प्रश्न गर्ने ठाउँ आउँछ त्यसकारणले हामीले त तथ्यांक हेर्ने होनि, मैले त छोटो कुरा मात्र गरेको । शिक्षा संस्कृति, विज्ञान प्रविधि सामाजिक विकास मन्त्रालय ९ वटा योजना रहेछन् त्यहाँ, ४ वटा पोखरा १६ मा मात्रै छ ९ वटामा ।

पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीको २ वटा गैंडाकोटमा छ, २ वटा मोदी र कुश्मा रहेछ, २ वटा पर्यटन मन्त्रीको जिल्लामा, २ वटा शिक्षा मन्त्रीको जिल्लामा रहेछ अरु सांसदको जिल्लामा पनि छैन अरु व्यक्तिगत जिल्लामा पनि छैन । मलाई यो त बजेट भनेको त यो सार्वजनिक सम्पत्ति हो। सार्वजनिक सम्पत्तिमा व्यक्तिले आफू मन्त्री हुने बेलामा हामीले एकलौटी गर्नु हुँदैन । यो हाम्रो प्यारेन्ट प्रोभर्टी जस्तो त होइन, मान्छेले कुरा काट्ने ठाउँ गर्ने अनि होइन भनेर चिच्याइरहन पनि धेरै अर्थ छैन भनेको।

अब फेरि म अ फेरि लास्टमा के आउँछु भने वित्तीय अनुशासन कायम गर्नको लागि त हामीले प्रशासनिक खर्च व्यवस्थापनको सुनिश्चितता कसरी गर्ने भनेर पहिले मध्यमकालिन खर्च संरचनामा मिडटर्म एक्सपेन्डिचर फर्ममा बोल्नुपर्‍यो, यहाँ गर्न त गरेको रहेछ तर त्यसलाई व्यवस्थित रुपमा अगाडि आएन, त्यससँग तालमेल मिलेन, यसमा तालमेल पनि नमिलेको बजेट, वित्तीय अनुशासन मानेन भन्नुपर्‍यो, हाम्रो प्राकृतिक श्रोत तथा वृत्त आयोगले एउटा भन्यो, त्यो त नियमन गर्ने संस्था हो त्यो संवैधानिक

आयोग । नियमन गर्ने कुरा संवैधानिक आयोगले भनेको कुरालाई हामीले गम्भिरतापूर्वक पालना गर्न पर्छ नि।

त्यो आयोजना त उनीहरुले चलाएको होइन, तर उसले के भन्छ पहिलो हाम्रो पालामा १० प्रतिशत भनेर भनेका थियो हामीले १० प्रतिशतको आसपासमा राख्ने भनेका थियौं अहिले उसले राजश्वको कूल बजेटको १२ प्रतिशत मात्रै आन्तरिक ऋण लिन पाउने भनेर अहिले यो व्यवस्थापन गर्यौ उसले त्यो पोलिसी बनायो, त्यो पोलिसी त नेपालीभरि लागू हुने हो, त्यो त स्थानीय तहमा पनि लागू हुन्छ । हामीमा पनि लागू हुन्छ । स्थानीय तहको आन्तरिक श्रोत भएर थोरै मात्र लिन पाउँछ, उसको त करोडमा हुन्छ, हाम्रो त अरवमा हुन्छ । आन्तरिक राजश्वबाट प्राप्त हुने रकम मात्र थोरै भए पनि आन्तरिक राजश्वबाट प्राप्त हुने रकम ५ अरव ९ करोड १६ लाख छ, मन्त्रीज्यूले अघि भन्नुभएकै हो त्यो । राजश्व बाँडफाँडबाट हामीलाई प्राप्त भएको रकम ९ अरव २३ करोड ९२ लाख छ कूल राजश्व रकम १४ अरव ३३ करोड ८ लाख त्यति भयो ।

यसको १२ प्रतिशतले हुन आउने रकममा १ लाख ७१ हजार ९६ करोड ९६ लाख त्यसकारण कूल रकमको राजश्व रकमको १२ प्रतिशत हुन आउनेमा १ अरव ७१ करोड ९६ करोड ९६ लाख भएको हुनाले हामीले २ अरवले गर्दा वित्तीय अनुशासन उल्लंघन गरेको भयो । प्राकृतिक श्रोत र वृत्त आयोगको त्यो पोलिसीलाई हामीले उल्लघंन गर्यौ नि त । यो सारा अनुदानीकरण यत्रो सारा व्यवस्थापन गर्ने उसैको सिफारिसमा सरकारले जिम्मा दियो, यो सरकारले कार्यान्वियन गर्ने हो भने पछि यो कुरामा हामीले हुँदैन भनेर उसले प्रस्ताव गरेको छ अनुदान हामीले लिन्न भन्नुपर्‍यो होइन भने उसले राजश्व बाँडफाड गरेर आएको रकम हामीले लिन्न भन्नुपर्‍यो होइन भने उसले सबै व्यवस्थापन गरेर आएको रकम हामीले लिइराख्यो भने उसले राखेको कुरा पनि पनि हामीले पालना गर्नुपर्थ्यो । यसमा २ अरव आन्तरिक ऋण लिन पाउने भनेको हाम्रो बजेट वक्तव्यमा छ । २८ करोड ३ लाख ४ हजार त्यति अपुग हुने देखिन्छ। त्यति बढी राख्यौं हामीले । वित्तीय अनुशासन उल्लंघन गर्यौं हामीले । अब यसबाट जे होला होला भन्ने होला तर अर्को पटक

त्यस्तो गर्न भएन, यसको त पालना गर्नुपर्‍यो, यस्तो वित्तीय अनुशासन मुलुकभर पालना भएन भने के हुन्छ ?

अराजकता हुँदैन ? तहसनहस भएन ? कसरी मुलुकमा विकास हुन्छ, कसरी सुरक्षा हुन्छ। अलि अलि तपाईंको मन्त्रीहरुले बाँड्दाखेरि विदेशी मुद्रा सञ्चितदेखि अहिले हाम्रो आयात गर्ने काममा ठप्प भएको छ, यस्तो स्थिति हुँदो रहेछ नि त । अर्थमन्त्रालाई असाध्यै धेरै वित्तिय अनुशासनमा बस्नुपर्ने मन्त्रालय भएको हुनाले त्यस कुरामा ध्यान दिनु पर्छ भन्ने मलाई लाग्छ त्यसकारण यो सबै कुरा के हुन्छ भने मध्यकालिन खर्च संरचना कति आयो अब हामीले त्यति सम्म आउनु छ हामीले वित्तीय आयोगको कुरा के छ ? उता संविधानले के भनेको छ ? हाम्रो पनि कानून छ अर्थ मन्त्रालयको, त्यो कानूनले के भन्छ ? ती सबै कुराको आधार मानेर हामीले काम गरेनौं त्यसकारणले गर्दा हाम्रो यो समस्या पैदा भएको हो। यस्तो समस्या पैदा भएपछि हामीलाई के हुन्छ यसरी लिन पाइहाल्छ भनेर अर्को पटक आन्तरिक राजश्व यसमा ध्यान दिएको भए के हुन्थ्यो त? आन्तरिक राजश्व ५ अरव ९ करोड उठ्छ भन्ने ठाउँमा ५ अरव ३७ करोड उठाउँछौ भन्देको भए त ठ्याक्कै मिल्थ्यो होला, कहाँ मिलाउन सकिन्थ्यो नि त्यो होला त्यो नगरेको हुनाले अर्थ अनुशासन तोडेको हुन्छ, अर्थ अनुशासन तोडेपछि भोलि अरु ठाउँमा खर्च गर्ने कुरामा अनुशासन तोड्यो भने के हुन्छ ? खर्च गर्ने बेलामा अनुशासन तोड्यो भने के हुन्छ? अराजक हुन्छ, वेरुजु होला, भ्रष्ट्रचार होला, अनियमितता होला सारा कुरा हुन्छ नि यसकारण यो कुरालाई रोक्नको निम्ति हामीले काम गर्नुपर्छ।

अहिले हाम्रा केही नीजि संस्थाहरु छन्, संघ सरकारले बनाइदिएको होइन, हामी आफैले आफ्नो आवश्यकलाई बनाएको संस्थालाई व्यवस्थित गर्ने कामलाई अहिले एउटा कुरा राम्रो गरेछ, भएछ म अर्थमन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । गण्डकी विश्वविद्यालयलाई हामीले पहिले पनि भनेका थियौं, गण्डकी विश्वविद्यालयलाई अनुदान दिने, ग्रान्ड दिने र अरु केही केही त्यस्ता संस्थाहरु छन् तिनलाई स्वायत्त रुपमा चलाउन उनीहरुले ग्रान्ड दिने उसले आफ्नो आम्दानी बढाएर कोष बढाउँछु भनेर पनि भन्ने । त्यो चाहि गरेर हामीले त्यसको अनुगमन गर्ने कुरा हो, सारा गर्ने कुरा हो तर उसलाई स्वायत्त ढंगले गराइदिंदा धेरै काम राम्रो गर्छ भन्ने मान्यताको

आधारमा त्यो भएको छ । अरु के के भएको छ ? जीआटी डेभलपमेन्टको कुरा यसपटक कुनै आएन, त्यसको महत्त्व पनि बुझेनौं भन्छु मैले।

हामीले व्यवसायिक र प्राविधिक शिक्षामा जाने भनेका छौं हाम्रा सबै युवाहरुलाई व्यवसायिक तालिमहरु दिनको लागि हामीले आफ्नै संस्था खोलेको किनभने सिटीभिटीको तेत्रो संस्था हुंदा पनि हामीलाई काम लाग्दो रहेनछ भनेर ५७ संस्था छन् सिटीभिटीभित्र गण्डकी प्रदेशभित्र तर तिनको चाहिने बेलामा काम लागेन। हामीले ६ हजार युवाहरुलाई व्यवसायिक तालिम दिन्छौं भन्दा तिनीहरुले २ हजार मात्र सक्छौं भने त्यसकारण हामीले आफैले खोलेका हौं, यसमा पनि केही कुरा भएन।

यसपटक पर्यटनमा हामीले परिणामुखी हुनका लागि के गर्नुपर्थ्यो भने होमस्टेलाई व्यवस्थापन गर्नुको साथसाथै पोखराको जुन सीमसार क्षेत्रहरु छन्, तालहरु छन् त्यो तालको सुरक्षा, तालको संरक्षण, सौन्दर्ययीकरण गरेर हामीले पर्यटनमा धेरै आम्दानी गर्न सक्थ्यौं होला तर त्यस्तो केही बजेट आएन, तपाईंको ठूलो बजेट हो त्यो संघसँग माग्नुपर्छ, समपूरक बजेट भनौं या अरु कुराकानी गरेर गर्नुपथ्र्यो । फेवाताले गर्दा पनि पोखरा यति धेरै पर्यटकको गुल्जार भइराखेको स्थिति हो । एउटा तालले धेरै मानिसलाई जागिर दिंदो रहेछ, त्यति धेरै व्यवसाय फस्टाउँदो रहेछ। यहाँ ५—६ खर्वको लगानी छ, त्यसकारण त्यो ठाउँमा हाम्रो ध्यान गएनछ। वेगनास ताल, रुपाताल, अरु साना तालहरुको सबै कनेक्टिभिटी निर्माण गर्ने, त्यसलाई संरक्षण क्षेत्र बनाउने त्यसको कन्जरभेसनमा पर्यटनसँग जोडेर हाम्रो पर्यटनलाई समृद्धिसँग जोड्ने त्यसले फेरि पनि रोजगारी सृजना हुने, गरीवि निवारण हुने, सहकारी संचालन हुने काम हुन्थ्यो । त्यसमा पनि यो बजेटमा धेरै ध्यान गएको थिएन । यति कुराहरु राखेर फेरी पुनः एकपटक हामी अहिले प्रदेश सरकारमाथि जुन चुनौति खडा भइरहेको छ, अस्ति म एउटा प्रोग्राममा गएको थिएँ, त्यसको प्यानलिष्ट थिएँ म अनि त्यहाँ धेरै मानिसहरुले भने, प्रदेश सरकार किन चाहियौं ? स्थानीय सरकारलाई अलि बलियो बनाए भइहाल्यो, प्रदेश सरकार नचाहिने भए स्थानीय तह त अलि अधिकार बढी भनेको मात्रै हो । स्थानीत तह ०१८ साल बैशाख एक गतेदेखि थियो ।

स्थानीय तह, नगर पञ्चायत, गाउँ पञ्चायत, गाविस जिविसहरुमा आयौं। अहिले गाउँपालिका, नगरपालिक जिसस बनेको छ, मैले फेरि पनि भन्न चाहन्छु जिसस चाहिँदैन, त्यो हाम्रो संघीय शासन प्रणालीको गाँड माथिको पिलो हो त्यो। कुनै काम छैन, त्यो पिलोलाई फाल्दिनुपर्‍यो । ७७ वटा जिल्लालाई जिल्ला समन्वय समिति बनाउँदा कमसे कम डेढ २ करोडको हिसावले भन्दा डेढ अरव रुपैयाँ जति त्यसै खेर गएको छ, त्यो उसको काम पनि हुनुपर्‍यो, राजनैतिक काम केही पनि छैन। जनताको सेवा गर्नुपर्ने काम, उत्पादनको काम पनि छैन, सुरक्षा गर्ने काम पनि छैन। केही पनि छैन । अब यो प्रदेश नचाहिने हो भने संघीय मात्रै चाहिने हो भने फेरि विकेन्द्रीकरणमा गइयो, संघीय शासन पनि छोडियो भन्न पर्‍यो किनभने नेपालमा विकेन्द्रीकरण र प्रादेशिक विकासको अवधारणा फेल भएर मुलुकमा द्वन्द्वबाट द्वन्द्व भएर संघीयतामा जानपरेको हो। समावेशीकरण, श्रोत र साधनको स्वामित्व सबै मातहतमा, समुदायमा हुनुपर्‍यो, सबै ठाउँका मानिसहरुमा समान हुनुपर्‍यो, काठमाडौंले अन्याय गर्यो, के के भनेर हामी संघीयतामा गएको हो। धेरै कुरा छन् त्यहाँ व्याख्या गर्ने ठाउँ ।

त्यसकारणले यो असमान त धार्मिक रुपले असमान छ, भाषिक रुपले अहिले हामी समान छौं । हिजो भाषिक रुपले पनि विभेद थियो, धार्मिक रुपले पनि विभेद थियो, साँस्कृतिकले विभेद थियौं । अब हिजो राजाले पनि संस्कृति होस् कि, हिन्दू आर्य संस्कृति किरात होस् कि, बुदिस्ट होस् कि, मुस्लिम होस् कि, सबै त्यस्तो खालको थियो । त्यसकारणले असमानै असमान, जातिय बिचमा असमानता, वर्गिय असमानता छँदै थियो, लैंगिक असमानता यी सबै असमानताको बिचमा समताको अभ्यास गर्नको लागि संघीयता प्रणाली उपयुक्त हुनसक्छ भनेर हामी संघीयतामा गएको हो अनि जुन जग्गामा एउटा समुदाय, एउटा क्षेत्रले मात्रै शासन गरिराखेका हुन्छन्, त्यो ठाउँमा जहिले पनि द्वन्द्व कम्प्लिट भइराखेको हुन्छ रिजनल कम्फ्लिट होला, त्यो कम्फ्लिटलाई अन्त्य गर्नको लागि सबैलाई शासन सत्तामा पुर्‍याउन पनि कुनै न कुनै कुराको हिस्सा चाहियो, त्यस्तो निर्वाचन प्रणाली चाहियो, त्यस्तो संरचना हुनुपर्‍यो । कर्णालीमा आफ्नै मुख्यमन्त्री छ अब कर्णालीले काठमाडौंले हामीलाई सधैं हेप्यो भन्न पाइन्छ ? मुख्यमन्त्री छ त कर्णालीमा, सुदूरपश्चिममा आफ्नै मुख्यमन्त्री छ,

गण्डकीमा आफ्नै मुख्यमन्त्री छ, पालिकाहरुमा सबैले गरिराखेको छ त्यसकारणले शासन सत्तामा सबैको सहभागिता हुने प्रवन्ध एकात्मक राज्यमा होइन, संघात्मक राज्यमा मात्र त्यो सम्भावना छ भनेर हामी त्यहाँ गएको ।

सबैको समावेशी राज्यमा भनेको । अर्को नेशनल युनिटीको पनि कुरा छ, सबै राज्य र राज्यको श्रोत र साधनमा सबैको पहुँच पुग्यो, सबैको समान हक लाग्यो भने के हुन्छ ? अनि अस्ति मधेसीले के भन्छ अस्ति भर्खर सम्म, म यो मुलुकको वासिन्दा हो तर यो मुलुकको नागरिक हुन पाएको छैन । एउटा नागरिकले पाउने समानताको हक मैले पाउन सकेको छैन भनेको थियो । एउटा महिलाले भनेको थियो। मैले पुरुषले जति अधिकार पाउन सकिन भन्थे । अनि दलित भन्छन् हामी सधैं पिधमा छौं पिधमा भएर पिसिएको हुनाले दलित भनेको हो। मराठी भाषा हो नि दलित भनेको त । ग्राउन्डेड इम्फेसेज भनेको हो धुलोपिठो जसलाई पारियो त्यो धुलो मराठी भाषामा दलित हो । हाम्रो त यहाँ पहिला छुद्र भन्ने चलन थियो दलितको ठाउँमा । जो दलितहरु समाजको पिँढीमा छ त्यसलाई माथि उठाउनका लागि पनि त्यसको निर्वाचन प्रणाली चाहियो राज्यमा पुऱ्याउनलाई या त्यस्तो संरचना चाहियो त्यसको स्पेस छ, त्यस्तो स्पेस एकात्मक राज्यले होइन संघीय राज्यले दिन्छ भनेर हामी संघीयतामा गएको हो ।

नेशनल युनिटीको कुरा पनि यसले गर्छ किनभने ७ वटा मुख्यमन्त्रीको प्रदेश हो यो नेपाल भन्छ अहिले। लालबावु राउतको पनि हो, कृष्णचन्द्र नेपालीको पनि महेन्द बहादुर शाहीको पनि हो, राजेन्द्र राईको पनि हो, सबैको राज्य हो। यसरी समान हैसियतले बसेका छन् ७ जना मुख्यमन्त्रीहरु । के हिमाल, के तराई, के पहाड जन्मेका सबै मान्छेको राज्य हो त्यसले नेशनल युनिटी प्रवर्धन गर्छ र जनतालाई आफ्नोतिर बनाउछ। त्यो काम गर्नको लागि पनि नेशनल युनिटी सुदृढ गर्नको लागि हामी संघीयता गएको हो । यहाँ कुनै कुनैले भनेको जग्गा चक्लावन्दी गरेको छौं, चक्ला चक्ला गरी फुटालेको छ मुलुकलाई टुक्राएको छ भनेर हाम्रा चित्र बहादुर दाइले भन्नुहुन्छ बेला बेलामा, त्यो उहाँको धारण भयो।

तर पनि यो सिंगो मुलुकलाई एकतावद्ध बनाएर बाँधेर राख्नको लागि एउटा सिन्टिमेटल फोर्सको रुपमा यो संघीयता अपनाएको हो त्यसकारण संघीयताको मूल मर्म भनेको नेपालको कन्टेस्टमा काठमाडौंको सरकार हिजो देखि १८२५ देखि छदैछ, हाम्रो एकीकृत राज्य बनेपछि, यता जिल्ला पञ्चायत, नगर पञ्चायत, गाउँ पञ्चायत भएर अस्तिसम्म आएको ती गाउ ँ पञ्चायत, नगर पञ्चायत, गाविस, जिविस त छँदै थिए, नयाँ शासन प्रणालीमा गयो भनेको त नयाँ कुरा त प्रदेश सरकारले जनाउँछ नि यो प्रदेश सरकारले गर्ने कामहरु संघीयताप्रति प्रश्न उठाउने ढंगले हामीले कही पनि गर्नु भएन । हाम्रो अहिलेका कामलाई हामीलाई खलनायकको रुपमा गरियो कि त्यहाँको अनलाइनहरुले त्यसकारण यस्तो कामहरु नहोस्, मन्त्रीहरुको गतिविधिले या प्रमुख प्रतिपक्ष दलको गतिविधिले, या नेताको गतिविधिले, या मुख्यमन्त्रीको गतिविधिले या यहाँको कर्मचारीको गतिविधिले या सभामुख/ माननीय सांसद्को गतिविधिले । आफ्नो सरकारमाथि प्रश्न उठाउने काम हाम्रो गतिविधिले, हाम्रो स्वभावले, हाम्रो कार्यशैलीले, हामीले गर्ने कामले हामीले गर्ने अरु व्यवहारले प्रश्न उठाउने ठाउँ दिनुभएन, अहिले प्रश्न उठाउने ठाउँ भएको हुनाले त्यही चिन्ता लिएर म यहाँ विशेष समय लिएर यहाँ उपस्थित भएर बोलें।

हामी सबैले आत्मा आलोचित भएर यो प्रदेश सरकारको तर्फबाट प्रदेश सभाको तर्फबाट कहीँ कमजोरी भएको छ भने सबभन्दा पहिला मुख्यमन्त्री र मन्त्रीज्यूहरुले आत्मालोचना गर्नु पर्‍यो हामीले गल्ती गरेका छौं कमीकमजोरी गरेका छौं, हाम्रो कारणले गण्डकी प्रदेश सरकार वदनाम हुने स्थिति बन्यो भने यसमा हामीले प्रतिपक्षको हिसावले हामीले पनि लिन तयारै छौं तर यसमा हामीले गरेका छौं के र ? तर संघीय शासन प्रणालीको बचाउको लागि जस्तोसुकै तिर्न हामी तयार छौं तर संघीय शासन प्रणाली बच्न पर्‍यो, त्यो भयो भने हाम्रो गणतन्त्र बलियो हुन्छ, हाम्रो लोकतन्त्र बलियो हुन्छ नेपालको । नेपालमा साँच्चिकै समावेशी समृद्ध नेपाल बन्ने कुरामा यसले मार्ग दर्शन गर्छ भन्ने विश्वासका साथ हामी यो पक्षको प्रणालीमा उभिएका हौं त्यसकारणले माननीय सभामुख ज्यू, जाँदा जाँदै अब जुन ढंगले हामीले गण्डकी प्रदेश सरकार सञ्चालन गर्ने क्रममा अहिले जे जे खालका समस्याहरु देखा परेका छन्, ती समस्याहरुलाई बेलैमा समाधान गर्ने कुरामा मुख्यमन्त्रीज्यूको महत्त्वपूर्ण

भूमिकाा हुनुपर्छ भन्ने लाग्छ मलाई र मन्त्रीज्यूहरुको भूमिका राम्रो हुनु पर्छ । हामी सांसदले के के भूमिका गर्नुपर्छ विधायिका हिसावले हामी आफ्नो ठाउँबाट गर्न तयारै छौं ।

अब अरु धेरै राजनीतिक छलफलका विषयहरु आज धेरै गर्ने समय पनि छैन, बरु समय क्रममा गर्दै गरौंला। प्रेसिडेन्ट सिस्टम ठीक कि पालिका सिस्टम ठिक या एउटा विधायिका बन्ने कि कार्यकारीको हैसियत पनि खोज्ने माननीयज्यूहरुले भन्ने प्रश्न पनि छदैछ। यो त पोलिटिकल डिसकसभित्र हिसाव गर्दै गरौंला र अब निर्वाचन प्रणालीमा चेन्ज हुनु पर्‍यो भन्ने पनि उठिराखेको छ । कोर्स त चेन्ज हुने हो। त्यो बारे पनि हामी छलफल त चलाऔंला तर आजको दिनमा फेरि पनि म भन्न चाहन्छु यसपटक हामी माथि प्रश्न उठेको छ, त्यो प्रश्नलाई क्लियर गर्ने कुरा, हाम्रो माथि तपाईंको कालो धव्वा लागेको छ त्यसलाई पखाल्ने काम यो गण्डकी प्रदेश सरकारले गरोस्, यो काममा गण्डकी प्रदेशको सफलताको लागि शुभकामना दिन चाहन्छु । हामी गण्डकी प्रदेश सभाको यो अन्तिम बजेट नै होला होइन, अन्तिम शीर्षकमा छलफल चलाइरहँदाखेरि मलाई बोल्ने जुन अवसर दिनुभयो म माननीय सभामुखज्यूलाई धेरै धेरै आभार व्यक्त गरेर, यो सबै नीति विधि तोडेर सबै तोडेर मनोमानी ढङ्गले काम गर्ने कुरा छोड्ने कुरामा सरकारले प्रतिवद्धता जाहेर गरोस् भन्ने चाहना राख्दै म आफ्नो भनाइ टुङ्ग्याउँछु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेललाई विनियोजन विधेयक २०७९ को छलफलको क्रममा आफ्नो मान्त्रालयसँग सम्बन्धित शीर्षकमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल**

माननीय सभामुख महोदय, हामी यो विनियोजन विधेयक अन्तर्गत मन्त्रालयगत विषयमा मन्त्रीज्यूहरुको जवाफ आइसकेको अवस्था छ र प्रमुख प्रतिपक्ष दलका नेताज्यूको सम्बोधनन पनि भसकेको अवस्था छ । म सर्वप्रथम त मेरो पनि यो जो मन्त्रालय छ, मुख्यमन्त्रीको कार्यालय अन्तर्गत पर्ने यो मन्त्रालय अन्तर्गत पर्ने विषयमा यहाँ धेरै

आवाज अथवा कोइशनहरु त खासै आएको जस्तो मानिन । तैपनि केही कुराहरु पहिला म यो मन्त्रालयगत राख्ने अनुमति चाहन्छु ।

सभामुख महोदय, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको आधार स्तम्भको रुपमा प्रदेश संरचना रहेको व्यहोरा सबै माननीय सदस्यज्यूहरुलाई विदितै छ । प्रदेश सभाको यो गरिमामयमा वैठकमा सरकारको बजेट वक्तव्य, वार्षिक विकास कार्यक्रममा माथि छलफलका क्रममा उठेको विषयमा उठेका प्रश्न, जिज्ञासा, सुझाव, चिन्ता एवं चासोका विषयमा म  केही कुरा स्पष्ट पार्न चाहन्छु । गण्डकी प्रदेश सरकार आफ्नो स्थापना कालदेखि नै राजनीतिक उपलव्धिहरुको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित, र समुन्तिका खातिर निरन्तर रुपमा क्रियाशील रहँदै आएको छ । त्यसलाई अझ प्रभावकारी रुपमा अगाडि बढाउने विषयमा म यस सभा समक्ष प्रतिवद्धता जाहेर गर्दछु ।

गण्डकी प्रदेश सरकारको आफ्नो नीति तथा कार्यक्रम, बजेट वक्तव्य, वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान १५ औं पञ्चवर्षिय योजना, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षिय योजना, मध्यमकालिन खर्च संरचना, बजेटको सिद्धान्त र प्राथमिकता, दिगो विकासका लक्ष्य, राजनीतिक दलहरुबिच भएका साझा प्रतिवद्धताहरु, नागरिक समाज एवं प्रवुद्ध वर्गको राय, सुझाव समेतलाई आत्मसात् गरी तर्जुमा गरिएको छ, यसमा शंका मान्नु पर्ने कुनै अवस्था छैन ।

सभामुख महोदय, समृद्ध प्रदेश र सुखी नागरिकको सोचलाई प्रदेश सरकार एकदम दायाँ बायाँ केही सर्न, यताउता गर्न चाहँदैन बरु यसलाई सुदृढ र प्रभावकारी बनाउने दिशातर्फ हामी सबैको ध्यान केन्द्रित भएको छ । हामीसँग भएको श्रोत सीमितताका कारण कतिपय अपेक्षित विकास कार्यक्रम हामीले ल्याउन सकेनौं । आगामी दिनमा श्रोतको व्यवस्थापन गरी त्यस्ता कार्यक्रमलाई कार्यान्वयन गर्दै लगिने छ। छरिएको वस्ती, भौगोलिका विकटता, विशिष्ट परिस्थिति, फरक किसिमका समस्या र आवश्यकताका कारण कतिपय कार्यक्रम टुक्रे तथा स—साना  जस्ता देखिए तापनि यी आवश्यकताकै सिद्धान्त र प्रदेशको जिम्मेवारीभित्रै पर्ने भएकोले यसलाई अन्यथा

मान्नु हुँदैन । यिनको प्रभावकारी कार्यान्वयन गर्न सरकार प्रतिवद्ध रहने व्यहोरा म निवेदन गर्न चाहन्छु । अधुरा तथा क्रमागत आयोजनाका लागि सीमित श्रोतका बावजुद सरकारले बजेट तर्जुमामा विशेष ध्यान दिएको छ । भोलिका दिनमा पनि श्रोत व्यवस्थापन गरी यस विषयलाई विशेष प्राथमिकता दिइने नै छ ।

सभामुख महोदय, विभिन्न मन्त्रालयको जिम्मेवारी क्षेत्रभित्र रहेका कार्यक्रमहरुको सम्बन्धमा सम्बन्धित माननीय मन्त्रीज्यूहरुबाट  यस सम्मानित सभा समक्ष पेश भइसकेको छ । मुख्यमन्त्री तथा मन्त्रीपरिषद् यससँग सम्बन्धित आयोग, प्रतिष्ठानका निकायहरुका लागि प्रस्ताव गरिएका कार्यक्रमहरुको बारेमा केही कुरा राख्ने अनुमति चाहन्छु । स्थानीय तह र प्रदेशबिचको अन्तर सम्बन्ध स्थापना गर्ने उद्देश्यले नवप्रवर्धन साझेदारी कोषको प्रस्ताव गरिएको छ । यस कोषबाट स्थानीय तहको प्रस्तावमा प्रदेश सरकारले समेत साझेदार गरी केही स्थानीय तहहरुमा नवप्रवर्धन कार्यक्रमहरु संचालन गरिने छ । स्थानीय तहका जनप्रतिनिधि र निजामती कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नको लागि गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान मार्फत विभिन्न विषय क्षेत्रगत तालिमहरु संचालन गर्ने कार्यक्रमहरु रहेको जानकारी गराउँदछु ।

विभिन्न मन्त्रालय र कार्यालयहरु मार्फत हुने सेवा प्रवाह, विकास निर्माण कार्यको नियमित अनुगमन गरी पृष्ठपोषण गर्न मुख्यमन्त्री कार्यालयबाट सघन अनुगमन गर्ने कार्यक्रम रहेको सभामुखज्यू मार्फत सबै माननीयज्यूहरुमा जानकारी गराउँछु । कोभिड—१९ को महामारीबाट व्यवसायमा क्षति भएका, व्यवसायीहरुलाई व्यवसायहरुबाट पलायन हुन नदिन विगत देखि संचालन भएको व्यवसायिक जीवन रक्षा कार्यक्रममा सहभागी व्यवसायीहरुलाई राहत स्वरुप प्रदेश सरकारले व्याज तिरिदिने कार्यक्रम आगामी आ.व. को बजेटमा पनि समावेश गरिएको व्यहोरा जानकारी गराउँछु।

सभामुख महोदय, प्रदेशको प्रथम पञ्चवर्षिय योजनाको मध्यावधि मूल्यांकनन गरी प्राप्त उपलव्धिका आधारमा दोस्रो अवधिक योजना तर्जुमा गर्ने कार्य प्रारम्भ गरिएको छ । त्यस्तै दिगो विकास लक्ष्यको मूल प्रवाहीकरण र स्थानीयकरणको अवस्थालाई

समेत मध्यनजर गरी मूल्यांकन गरिने व्यहोरा सभासमक्ष जानकारी गराउन चाहन्छु । आयोजना छनोटलाई व्यवस्थित, वैज्ञानिक लागत प्रभावित बनाई आयोजना कार्यान्वयन र त्यसको दिगोपनामा सुधार ल्याउन आयोजना बैंक दिग्दर्श तयार गर्ने कार्य भइरहेको व्यहोरा जानकारी गराउँछु । स्थानीय तहबाट हुने न्याय सम्पादन र कानुन निर्माणका प्रकृयामा प्रभावकारिता वृद्धि गर्न मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत सहजीकरण गर्ने व्यवस्था मिलाइएको छ । प्रदेश र स्थानीय तहको कर्मचारी पदपूर्तिको कार्यलाई थप प्रभावकारी बनाउन प्रदेश लोकसेवा आयोगको भौतिक पूर्वाधार लगायत संस्थागत क्षमता सुदृढिकरणमा जोड दिइएको छ ।

सभामुख महोदय, हाम्रो उद्देश्य विकासको प्रतिफल, विकासका दृष्टिले पछाडि परेका नागरिक र क्षेत्रमा समतामूलक तरिकाले पुऱ्याउनु नै हो । उपलव्ध श्रोत र साधनलाई तुलनात्मक लाभको क्षेत्रहरुको परिचालन गर्दै उत्पादन र रोजगारी वृद्धि गर्ने नै हो । यसबाट नीजिक्षेत्र, गैर सरकारी क्षेत्र र सामुदायिक क्षेत्रसमेत उत्पेरित हुने अपेक्षा गरिएको छ । हाम्रा दृष्टिकोण, विचार, कार्यशेली फरक हुन सक्छ तर हामी सबैको गन्तव्य एउटै हो, तसर्थ यहाँहरुले राखेको मत, विचार रायलाई सम्मान गर्दै बजेट कार्यान्वयनमा यहाँहरु सबैको सकृया रचना सहयोगको सदा अपेक्षा गर्दछु ।

सभामुख महोदय, मेरो यहाँ भनाइ टुंग्याउनु भन्दा अगाडि १/२ वटा कुराहरु म यहाँ राख्न चाहन्छु । सर्वप्रथम त, हाम्रो यो प्रदेश सभा वास्तवमा मैले भन्ने पनि गरेको छु । यो पहिलो प्रदेश सभा भएको हुनाले हामी पहिलो सांसद प्रदेश सभा सदस्य भएको नाताले हाम्रा यहाँ भित्रका जे—जति गतिविधि, जो मोडालिटी भनौं हामी प्रयोग गर्छौं त्यो मलाई लाग्छ त्यो भविष्यको लागि एउटा नजिर हुने कायम रहन्छ । यसै परिपृष्ठमा राजनैतिक घटनाक्रम परिस्थिति हिजो यहाँ एक मात्र सरकार भएर पनि साँढे तीन वर्ष वितेको अवस्था हो, त्यसको गठवन्धनको सरकार एक डेढ वर्ष पुग्न लागिरहेको अवस्था छ । त्यो बिचमा केही कुराहरु जसरी हामीले राष्ट्रिय रुपमा हामीले हेर्यौं एउटा संसदीय पद्धति, परम्परागत संसदीय पद्धति भन्दा भिन्न एउटा अझ इन्कुलेसिभ टाइपको, अझ एउटा नयाँ एउटा पद्धति हिजोका विसंगति, विकृतिहरु नदोहोरिउन् भनेर कुनै एउटा राष्ट्रिय रुपमा पनि नयाँ हामीले संविधान सभा मार्फत

त्यो एउटा पद्धति सुरु गरेका छौं । त्यस्तै यो प्रदेशमा पनि यो ५ वर्षमा एक मऀाना सरकार मात्रै नभईकन गठवन्धको सरकारको पनि प्रवेश भएको छे ।

त्यो प्रदेश सभाभित्र एउटा पोजेटिभ पक्ष के छ भने आज हाम्रा मन्त्रीज्यूहरुले जऀे जति जवाफ दिनुएको छ हुन त उहाँहरुले दिएको जवाफ नै हाम्रो माननीय प्रतिपक्षका माननीयज्यूले राखेका जिज्ञासाहरु, धेरै कुराहरु आइसकेको अवस्था छ र जो राख्नुभएको छ, राख्ने क्रममा यो बजेट निर्माणको प्रकृयामा आन्तरिक रुपमा निश्चित रुपमा कुनै पनि कार्यक्रम गर्दाखेरि त्यहाँ समसऀ्याहरु आउँछन् त्यो समाधान पनि गर्नु पर्नेछ हुन्छ । ती कुराहरु पनि यो समस्या समाधानका लागि त्यहाँ यो संसदका यो प्रदेश सभामा जे जति व्यक्त भए वास्तवमा एउटा नयाँ, एउटा मोडालिटी पनि छ पूर्ण हदसम्म किनभने यो हाउस भनेको सुप्रिम हो, हाम्रो मोडालिटी थाहा पाउने यो अधिकार पनि हो । यस अर्थमा सकारात्मक रुपमा मैले यसलाई लिएको छु ।

साथ साथै हाम्रो प्रमुख प्रतिपक्षि दलका नेता संस्थापक मुख्यमन्त्रीजी, उहाँले जे जे कुरा राख्नुभएको छ, म यसलाई के भनेदेखि भनेदेखि २/३ कुराबाट हेर्छु। एउटा निश्चित पनि हो के हुँदोरहेछ भने हामी हाउसभित्र बस्दा कोही प्रतिपक्षमा थियौं, कोही सत्तापक्षमा तर बाहिर जाँदै गर्दाखेरि गण्डकी प्रदेश सरकारसँग जोडिएका र कुराहरु राम्रा कुरा आउँदा सबैलाई राम्रै लाग्छ, राम्रा कुरा आएनन् भने निश्चित रुपमा त्यसले छुन्छ, त्यो उहाँले जुन व्यक्त गर्नु भएको छ मलाई लाग्छ, यही हो मर्म भनेको त्यसो भएको हुनाले यो सिक्दै जाने हो, प्राक्टिस गर्दै जाने हो, संघीयातको शुरु गरेका छौं, एउटा कुनै कमी कमजोरीलाई नै आधार बनाएर तर यो ५ वर्षमा केही गरेन, त्यो गरेन भन्ने जुन आवाज हो त्यो आवाजलाई जवाफ भनेको हाम्रो एक्सनले दिनुपर्छ भन्ने जुन उहाँको सुझाव छ त्यो सुझावलाई म एकदम मनन गर्न चाहन्छु यो हाउसमा, यहाँ उपस्थित यहाँ हाम्रा मन्त्रीज्यूहरुलाई पनि म के सुझाव दिनु चाहन्छु भने, जे सुझाव आएको छ, हाम्रो टारगेट, हाम्रो लक्ष्य त्यही हो, त्यो के हो भने पर्यटन क्षेत्रको, कृषिका उत्पादन बढोस् र हिजोको संरचनाहरु अगाडि बढुन् सबैको चासो ।

हो, हिजो इतिहासले तपाईंलाई त्यो जिम्मेवारी दियो, सुरु गर्नुभयो तपाईंले र त्यसलाई केही छाान्ने जिम्मेवारी हामीले पनि पाएका छौं र यहाँलाई भनौं, सायद हिजो तपाईहरुले

अघि नै यहाँहरुले भन्नुभयो यहाँले तारिफ पनि गर्नुभयो, धन्यवाद पनि दिनुभयो, अर्थमन्त्रीज्यूलाई पनि दिनुभयो । युनिभर्सिटीलाई स्वायत्त बनाउने कुरामा द्धिमत नै छैन । हिजोको सरकारले मनोनित गरेको, हिजोको भिसी अथवा उ, त्यो त प्रदेशले भनेन नि, राम्रो कुरालाई गर्नु पर्छ, किन गर्नु पर्छ भन्दा अन्तर्राष्टिय रुपमा, उहाँहरुले के कन्भिन्स के गराउनु भयो भने तपाईंहरुले कति बजेट दिनुहुन्छ ? त्योसित अर्थ होइन । अर्थ के हो भने हामी सरकारको नियन्त्रणमा छौं कि छैनौं अन्तर्राष्ट्रियमा छ कि छैन भनेर इन्टरनेशनले यसरी हेर्दो रहेछ भनेर अनुदान दिंदोरहेछ । हिजो यो प्रदेश कृषिमा आधारित प्रदेश हो, तपाईंहरुले अगाडि सार्नुभयो यद्यपि त्यतिखेर तपाईंहरुको बिचमा के भयो थाहा छैन।

त्यो योजना गण्डकी काउफार्म हामी आयौ., हामीले भन्यौ यदि त्यो हरेक कुरा कृषि सन्दर्भमा भन्ने हो भने दुग्ध विकास बोर्ड बनाउनु भयो मलाई थाहा छ माननीय हाम्रा माननीय प्रमुख प्रतिपक्षज्यूले हामीलाई जे भन्नुभयो र त्यो ठीक छ भनेकै हो। त्यो कुरामा केही कुरा भन्नुभएको थियो ओके ठिक छ भन्ने एउटा विशेष कार्यदल बनाएर यदि त्यो कम्पनी यदि आउँछ र त्यो योजना यो प्रदेशमा कार्यदल पनि बनाएका छौं हामीले हो हिजो सपना देखे ठाउँमा, देखाउने ठाउँमा इतिहासले तपाईंलाई राखेको थियो अहिले हामी पनि आएका छौं। सपना त एउटै हो। मेडिकल कलेजलाई कसरी संचालन गर्ने कुरामा पनि हामी त्यो कार्यदल तयार भएको छ । अब आइसकेपछि उहाँहरुसँग कुरा पनि भएको छ, प्रोसेसको कुरा हुन्छ, करिकुलमको के के हुन्छ । बजेट अभावले त्यो रोकिदैन । त्यो निश्चित छ। यसरी अन्य धेरै क्षेत्रहरुमा यो राजश्व वृद्धिको कुरा ल्याउनुभयो निश्चित हो ।

राजश्व वृद्धि र यता सरकार र पपुलारिटी एक अर्कासँग जोडिने कुरा हो, तर प्रदेशको हितको लागि हामीले केही सोच्नै पर्छ, अगाडि बढाउनु पर्छ, त्यो उहाँको सुझाव त्यसलाई पनि म धन्यवाद दिन्छु । यसरी आफ्नो एउटा आफ्नो अनुभवलाई एउटा साझा प्रोपर्टीको रुपमा तपाईंहरुले यो हाउस जे जति कुरा राख्नुभएको छ, रेकर्डेड छ हामी अहिले आएको बजेट निश्चित रुपमा हिजो पनि हामीले धेरै सरोकारवालाहरुसँग गरेको हो, इभन प्रमुख प्रतिपक्ष दललाई पनि बोलाएको त्यो बाहेक पनि अलग्गै तपाईंहरुको विषय गर्नु पर्थ्यो होला तर जे होला जे आएको छ त्यो कार्यक्रमको

सन्दर्भमा यहाँको सुझाव एकदम मननीय छन्, हामी  स्वागत गर्न चाहन्छौं । यिनै कुराहरु राख्दै र अर्को कुरा के आयो जिज्ञासा भने यहा अर्थमन्त्रीज्यूले सबैको चासो के भने त्यो सामुदायिक भवनहरु बन्दै गर्दा स्वामित्व चाहिन्छ भन्ने जुन कुराहरु आयो, त्यसमा उहाँले अघिल्लो जवाफमा त्यो दफालाई कोड गरेरै उहाँले कमिन्टमेन्ट गर्नुभएको छ यो हाउसमा ।

त्यो के हो भन्दाखेरि यसलाई सरल तरिकाबाट जुन हामीले खोजेका छौ त्यहाँ अलि मलाई अलि शब्द ज्ञान भएन, त्यो अलि मलाई आएन त्यसलाई हामीले खोजेका छौं, सबैलाई कभरअप हुने गरेर त्या स्वामित्व भनेको त्यो नगरपालिकाले त्यो व्याख्या गर्दा खेरि करारमा लिएको पनि हुन सक्छ, लालुपूर्जा पनि हुन सक्छ  गाउँपालिकाको पनि लैजाने जुन अगाडि लाने जुन कमिटमेन्ट उहाँले गर्नुभएको रहेछ त्यो यहाँ कार्यविधिमा पनि त्यो रहेछ र यो बजेटको दिग्दर्शन सँगसँगै यो पनि ओपन गरेर जाने कुरा म तपाईंहरुलाइ कुरा राख्दै म  सभालाई राख्दै र अन्त्यमा फेरि हाम्रो बजेटको सन्दर्भमा अन्तिम दिन भएको हुनाले जे जति माननीयज्यूहरुले सारगर्भित हामीलाई सचेत बनाउने जेजति सुझावहरु दिनुभयो त्यसको लागि दिलैदेखि तपाईंहरुलाई धन्यवाद दिँदै अब यो बजेटलाई सम्पूर्ण माननीय सदस्यज्यूहरुसँग अनुरोध छ, अब भोलि यो बजेटलाई पास गरिदिनु हुन अनुरोध गर्दैं र मेरा भनाइहरु यहीँ अन्त गर्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरु,  विनियोजन विधेयक २०७९ माथि खर्च कटौतीको प्रस्ताव दर्ता हुन आएको छ । अब म उक्त खर्च कटौतीको प्रस्ताव दर्ता गर्ने माननीय सदस्य श्री मायानाथ अधिकारीलाई आफ्नो भनाई राख्न अनुमति दिन्छु । समय १० मिनेट ।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुखज्यू, प्रदेश सरकारको माननीय अर्थमन्त्रीज्यूले पेश गर्नुभएको आ.व. ०७९/०८० को विनियोजन विधेयकमा हामी छलफलको अन्तिम अवस्थमा आइपुगेका छौं । यो छलफलकै क्रममा हामीले धेरै कुराहरु उठायौं, सदनमा धेरै विषयमा कुरा उठायौं । हामीले भन्यौं, यो बजेट संविधान, कानून, मूल्य, मान्यता सम्मत छैन । मध्यम कालिन खर्च संरचनाको पुस्तक नल्याइकनै यो बजेट आयो। हामीले भन्यौं, सेतो किताव जो अनुसूचीमा आयो सत्ताइस बराबरको त्यो विधि सम्मत छैन । निर्वाचन क्षेत्र विकास पूर्वाधार ल्याउने त भनियो तर जहाँबाट जुन शीर्षकमा ल्याउने भनिएको छ त्यो कानुनी र वैधानिक रुपले उल्लेख गरिएको छैन ।

वित्त आयोगले दिएको १२ प्रतिशत रकम अनुसार जुन सीमा छ, त्यो सीमाको मर्यादालाई कार्यान्वयन गरिएको छैन । २८ करोड ४ लाख रुपैयाँ बढी सीमा भन्दा बढी उल्लेख गरिएको छ । टुक्रे बजेट ल्याइउको छ र प्रदेशको मर्यादालाई कमजोर पार्ने काम गरिऐका छ र ट्रष्टको नाममा धेरै रकमहरु विनियोजन गरिएको छ । करको दायरा होइन करको दर बढाएर जाताको ढाड सेक्ने काम गरेको छ । हाम्रो भनाइलाई सुनिएन त्यसकारण यो बजेटप्रति हाम्रो दल नेकपा एमाले गण्डकी प्रदेश संसदीय दलको गम्भिर असहमति भएको कुरा म जानकारी गराउँदै हामीले लिएको खर्च कटौती प्रस्तावको दर्ता गरेका छौं त्यस बरेमा म उल्लेख गर्न चाहन्छु ।

प्रदेश सरकारको आ.व. ०७/०८० को विनियोजन विधेयकमा खर्च कटौतीको प्रस्ताव माननीयज्यूमा म गर्न वाञ्छनिय भएकोले हामी गण्डकी प्रदेश, प्रदेश नियमाली नियमावली २०७४ को नियम १३४ बमोजिम खर्च कटौतीको प्रस्ताव पेश गर्न चाहन्छौं।

क्र.सं. १ विनियोजन विधेकमा भएको व्यवस्था सिमल तरुल लगायत वैकल्पिक खेती विकास सम्बन्धी सम्भाव्यता अध्ययन त्यहाँ उल्लेख गरेको ११,५ २९.१ छ।

खर्च कटौती हुनु पर्ने व्यहोराः शीर्षकको खर्च कटाई १ कायम गरियोस्

खर्च कटौती गर्नुपर्ने कारणः सन्दर्भ भूमि व्यवस्था, शहरी तथा गरीवि निवारण मन्त्रालयले विनियोजन गरेको उक्त बजेटले कृषिको व्यवसायीकरण, उत्पादनमा वृद्धि एवं गरीवि निवारणमा कुनै ठोस योगदान गराउन नसक्ने भएकोले सम्झौता अध्ययनको कुनै आवश्यकता नभएको भन्दै म आफै र हाम्रो दलको तर्फबाट र माननीय राजिव पहारीबाट प्रस्ताव र समर्थन गरिकन यो दर्ता पेश गरिएको छ । म प्रदेश सभामा माननीय सभामुख मार्फत यो खर्च कटौतीको प्रस्ताव पारित गरिदिनको निम्ति अनुरोध गर्दछु धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म, "गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४" को नियम १३४ बमोजिम माननीय सदस्य **श्री मायानाथ अधिकारीले** "विनियोजन विधेयक, २०७९" माथि पेश गर्नुभएको खर्च कटौती सम्बन्धी प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने सो को लागि समय उपलब्ध गराउँछु।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुखज्यू, यो प्रस्ताव फिर्ता नहुने कुरा म जानकारी गराउँछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, "विनियोजन विधेयक, २०७९" माथि माननीय सदस्य **श्री मायानाथ अधिकारीले** पेश गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन अस्वीकार गर्नुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस्। यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस्। **"हुन्न"** भन्ने माननीय सदस्यहरुको **बहुमत** भएकोले उक्त प्रस्ताव **बहुमतले अस्वीकृत** भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म, “गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४” को नियम १३३ को उपनियम (१२) बमोजिम आर्थिक बर्ष २०७९/८० को व्यय अनुमानको खर्च शीर्षकहरुलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **“हुन्छ”** भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **“हुन्न”** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “**हुन्छ** ”भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **“हुन्न”** भन्नुहोस ।

**“हुन्छ”** भन्ने पक्षका माननयीयहरुको बहुमत भएकाले, आर्थिक बर्ष २०७९/०८० को व्यय अनुमानको खर्च शीर्षकहरु **बहुमतले** स्वीकृत भएको घोषणा गर्दछु ।

अब म, “विनियोजन विधेयक, २०७९” को दफा **१** देखि **११** सम्म र अनुसुची १ देखि ३ सम्म विनियोजन बिधेयकको अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **“हुन्छ”** भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **“हुन्न”** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “**हुन्छ**”भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **“हुन्न”** भन्नुहोस ।

**“हुन्छ”** भन्ने पक्षका माननीयहरुको बहुमत भएकाले , तसर्थ दफा **१** देखि **११** सम्म र अनुसुची **१** देखि **३** सम्म **बहुमतले** “विनियोजन विधेयक, २०७९” को अंग बनेको घोषणा गर्दछु ।

अब, म , विधेयकको **प्रस्तावना र नाम** पढेर सुनाउँछु ।

<u>प्रस्तावना</u>:- आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट सम्बन्धित निकायलाई रकम विनियोजन गर्न र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

१ .<u>संक्षिप्त नाम र प्रारम्भः</u>" यस ऐनको नाम (१) -विनियोजन ऐन"२०७९ , रहेको छ ।

(२) यो ऐन सम्वत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

अब म, विधेयकको **प्रस्तावना र नाम** "विनियोजन विधेयक, २०७९" को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ "** भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस।

**"हुन्छ"** भन्ने पक्षका माननीयहरुको बहुमत भएकाले विधेयकको प्रस्तावना र नाम बहुमतले "विनियोजन विधेयक, २०७९" को अंग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म , माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनलाई "विनियोजन विधेयक, २०७९" लाई पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय रामजी प्रसाद बराल जीवन**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले मिति २०७९ साल असार २२ गते सम्मानित सभा समक्ष प्रस्तुत "विनियोजन विधेयक२०७९ ," गण्डकी प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (१२) बमोजिम पारित गरियोस् भनी सम्मानित सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ** "भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस।

**"हुन्छ"** भन्ने पक्षका माननीयहरुको बहुमत भएकाले, तसर्थ "विनियोजन विधेयक, २०७९" सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म, "प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७९" को दफा १ देखि १२ सम्म र अनुसूची १ देखि ६ सम्म "प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७९" को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ** "भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस।

**"हुन्छ"** भन्ने पक्षका माननीयहरुको बहुमत भएकाले विधेयकको दफा **१** देखि **१२** सम्म र अनुसूची १ देखि ६ सम्म **बहुमतले** "प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७९" को अंग बनेको घोषणा गर्दछु ।

अब, म , बिधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

<u>प्रस्तावनाः</u>- प्रदेश सरकारको आर्थिक बर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, राजश्व संकलन गर्ने, कर घटाउने बढाउने र कर छुट दिने सम्बन्धी प्रचलित कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>- (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐनको दफा २, ७ र ९ तुरुन्त प्रारम्भ हुनेछन् र अन्य दफाहरु सम्वत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरु, अब म, **विधेयकको प्रस्तावना र नाम** "प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक, २०७९" को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ** "भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस। **"हुन्छ"** भन्ने माननीयहरुको बहुमत भएकाले , तसर्थ विधेयकको प्रस्तावना र नाम **बहुमतले** "प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७९" को अंग बनेको घोषणा गर्दछु

माननीय सदस्यहरु, अब म , माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनलाई **"प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७९"** लाई पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय रामजी प्रसाद बराल जीवन**

माननीय सभामुख महोदय ,माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७९ साल असार १ गते प्रस्तुत भई सभामा छलफल समेत भएको "प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक२०७९ ," गण्डकी प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न "** भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस्। यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस ।

**"हुन्छ"** भन्ने पक्षका माननीयहरुको बहुमत भएकाले , तसर्थ "प्रदेश सरकारको

अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक, २०७९" **बहुमतले** पारित भएको घोषणा गर्दछु।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक मिति २०७९ साल साउन ११ गते दिनको १:०० बजे सम्मको लागि स्थगित हुन्छ।